# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७७

# Overview of Weekly Media Study Vol. 77


**नेपाल संवाद केन्द्र**

काठमाडौँ, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ असार २८, आइतबार

नेपाल संवाद केन्द्रद्वारा २०८३ असार २२ देखि २८ गतेसम्म प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययनले नेपाली सञ्चारमाध्यमले राष्ट्रिय सरोकारका विषयलाई सन्तुलित र जिम्मेवार ढंगले उठाइरहेको स्पष्ट देखाएको छ । अध्ययन अवधिमा सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटन प्रवर्द्धन, शिक्षा सुधार, सुशासन, लोकतान्त्रिक अभ्यास, आर्थिक रूपान्तरण तथा अन्तर्राष्ट्रिय सम्बन्धका विषयहरू प्रमुख बहसका केन्द्र बनेका छन् ।

विशेषगरी पशुपतिनाथ, बागमती सभ्यता, संस्कृत शिक्षा, साकेला, च्याब्रुङ, भानु जयन्ती, धार्मिक वन तथा नेपाल फेस्टिबलजस्ता विषयले नेपालको मौलिक सांस्कृतिक पहिचानलाई संरक्षण र प्रवर्द्धन गर्ने आवश्यकता पुनः स्मरण गराएका छन् । विश्व हिन्दू आर्थिक मञ्चको आगामी सम्मेलन, कैलाश-मानसरोवर तीर्थयात्रा, लाङटाङ, ढोरपाटन, स्याङ्जा, दर्मिजा र अन्य पर्यटकीय गन्तव्यसम्बन्धी समाचारहरूले सांस्कृतिक सम्पदा र पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्ने सम्भावना उजागर गरेका छन् । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पर्वतारोहण व्यवस्थापन तथा पर्यटन पूर्वाधार विस्तारका विषयले दीर्घकालीन पर्यटन नीतिको आवश्यकता पनि औँल्याएका छन् ।

शिक्षा क्षेत्रमा संस्कृत शिक्षाको पुनरुत्थान, विशेष शिक्षकको व्यवस्थापन, त्रिभुवन विश्वविद्यालय सुधार, लुम्बिनी बौद्ध विश्वविद्यालयको नेतृत्व, उच्च शिक्षाको रणनीतिक दिशा तथा अन्तर्राष्ट्रिय शिक्षासम्बन्धी बहसले गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रणाली निर्माणको चुनौतीलाई उजागर गरेका छन् । यस्तै, ऊर्जा, डेटा सेन्टर, अर्थतन्त्र, निजी क्षेत्रसँगको संवाद तथा कानुनी सुधारका विषयले आर्थिक रूपान्तरणका लागि नीति, लगानी र सुशासनबीचको समन्वय अपरिहार्य रहेको सन्देश दिएका छन् । कूटनीतिक तथा राजनीतिक बहसमा नेपाल-भारत सम्बन्ध, संसदीय मर्यादा, संविधान संशोधन, संघीय व्यवस्थाको संरक्षण, सामाजिक लोकतन्त्र, जातीय विभेद अन्त्य, सदाचार नीति तथा सुशासनका प्रश्नले लोकतन्त्रको गुणस्तर सुधारतर्फ गम्भीर विमर्श आवश्यक रहेको देखाएको छ। लोकतान्त्रिक संस्थाको विश्वसनीयता, पारदर्शिता र उत्तरदायित्व सुदृढ नगरी समावेशी विकासको लक्ष्य हासिल गर्न कठिन हुने तथ्य पनि यी बहसले संकेत गरेका छन् ।

समग्रमा, यस साताको मिडिया अध्ययनले नेपालको विकास यात्रालाई केवल आर्थिक दृष्टिले मात्र होइन, सांस्कृतिक, शैक्षिक, सामाजिक र कूटनीतिक आयामसँग जोडेर हेर्नुपर्ने आवश्यकता औँल्याएको छ । राष्ट्रिय सम्पदाको संरक्षण, प्रभावकारी शासन, गुणस्तरीय शिक्षा, समावेशी लोकतन्त्र र दिगो आर्थिक विकासलाई समान प्राथमिकतामा राख्दै अघि बढेमा मात्र समृद्ध, सक्षम र आत्मविश्वासी नेपालको निर्माण सम्भव हुनेछ । यही दिशामा सञ्चारमाध्यमले तथ्यपरक, सन्तुलित र उत्तरदायी पत्रकारितामार्फत समाजलाई सही मार्गदर्शन गर्न निरन्तर भूमिका निर्वाह गर्न आवश्यक छ ।

**Date: 2083 Asar 28, Sunday**

## Weekly Media Study Summary – 77

The Weekly Media Study Report presented by Nepal Samwad Kendra provides a comprehensive overview of the major social, cultural, political, diplomatic, educational and economic issues reflected in news reports, opinion articles, analytical pieces and editorials published in various media outlets from 22 to 28 Asar 2083. During the review period, the media placed balanced emphasis on national interest, good governance, development, social transformation, cultural preservation, tourism promotion, education and international relations, presenting a broad picture of Nepal's current priorities and public discourse.

The study highlights a wide range of issues related to Nepal's cultural heritage and tourism sector. Among the major topics covered were preparations for Nepal to host the World Hindu Economic Forum Conference next year, efforts to bring pure water from Bagdwar to Pashupatinath, the revival of Sanskrit education, preservation of Pashupatinath's heritage, promotion of indigenous traditions such as Sakela and Chyabrung, celebration of Bhanu Jayanti, declaration of religious forests and initiatives to strengthen Nepal's cultural identity. The media also featured stories on Mansarovar, Langtang, Dhorpatan, Syangja, Darmija, Labrekuti, Majhuwagadhi and other emerging tourist destinations, as well as Nepal Festival–2026 in Poland, the Kailash–Mansarovar pilgrimage, tourism infrastructure, mountain climbing regulations and increased tourism revenue. These reports highlighted the growing importance of cultural preservation and sustainable tourism as key contributors to Nepal's economic development.

In the education sector, the media focused on the revival of Sanskrit education, the prolonged suspension of academic activities at Yogmaya Ayurveda University, reforms in higher education, the conversion of special teachers into government positions with permanent-equivalent facilities, the delayed appointment of the Vice-Chancellor of Lumbini Buddhist University, expectations surrounding Tribhuvan University's new leadership and strategies for improving Nepal's higher education system. These discussions reflected the need for quality education, institutional reform, and effective educational governance. On diplomacy, governance and social affairs, the media covered Nepal–India relations, statements by the Foreign Minister regarding bilateral priorities, parliamentary practices, constitutional amendment, federalism, social democracy, integrity policy, legal reforms and the role of democratic institutions. Other important issues included the elimination of caste discrimination, understanding the distinction between dowry and women's property rights, concerns over textbook content, engagement with the private sector to strengthen the economy, energy as a driver of economic transformation, nationwide call centre services, data centre expansion and proposals for new legislation. These issues reflected continuing debates on governance, accountability, inclusive development and public policy reforms.

Overall, the issues covered in this Weekly Media Study Report presents a factual, balanced, and systematic picture of Nepal's contemporary national and international concerns. The report demonstrates how the media continues to play a constructive role in promoting informed public discourse on culture, education, governance, diplomacy, economic development and social transformation. It is expected to serve as a valuable reference for researchers, policymakers, media professionals and readers seeking a deeper understanding of Nepal's evolving social and national landscape.

## २०८३ असार २२ गतेदेखि जेठ २८ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### आगामी वर्ष नेपालमा विश्व हिन्दू आर्थिक मञ्चको सम्मेलन हुने

नेपालमा विश्व हिन्दू आर्थिक मञ्चको सम्मेलन आगामी वर्ष नेपालमा हुने भएको छ । यसका लागि नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) र विश्व हिन्दू आर्थिक मञ्च (डब्लुएचईएफ) बीच सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । सहमझदारीपत्रमा नेपालमा सन् २०२७ मा सम्मेलन हुने उल्लेख छ । महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ र विश्व हिन्दू इकोनोमिक फोरम नेपाल-२०२७ आयोजक समितिका अध्यक्ष सुरज वैद्यले बुधबार महासंघमा आयोजित कार्यक्रममा समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/09/world-hindu-economic-forum-conference-to-be-held-in-nepal-next-year-28-21.html**

### पशुपतिनाथमा बागद्वारको शुद्ध जल ल्याउने तयारी

पशुपति क्षेत्रको धार्मिक गरिमा थप उचो गर्न र बागमती नदीको पवित्रता कायम राख्ने उद्देश्यले बागद्वारदेखि पशुपतिनाथसम्म सिधै शुद्ध जल ल्याउने योजना अघि सारिएको छ । बागमती नदी क्रमशः प्रदूषित हुँदै गएपछि भगवान् शिवलाई शुद्ध जलले स्नान गराउने र भक्तजनलाई पवित्र जल उपलब्ध गराउने उद्देश्यका साथ यो 'डेडिकेटेड' पाइपलाइन योजनाको अवधारणा ल्याइएको हो । सम्बन्धित निकायहरूले यसलाई पशुपति क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्व बढाउने र वातावरण संरक्षणमा समेत टेवा पुग्ने योजनाका रूपमा हेरेका छन् । बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/391408**

### संस्कृत शिक्षाको पुनरुत्थान

राष्ट्रको उन्नति प्रविधि, पूर्वाधार र आर्थिक वृद्धिबाट मात्र सम्भव हुँदैन । सभ्यता, संस्कृति, दर्शन र ज्ञान परम्पराको संरक्षण तथा संवर्धन पनि उत्तिकै आवश्यक हुन्छ । नेपालको सांस्कृतिक अस्मिता, धार्मिक चेतना, दार्शनिक परम्परा तथा भाषिक सम्पदाको मूल स्रोत संस्कृत वाङ्मय हो । यही संस्कृत शिक्षा आज अनेक संरचनात्मक, नीतिगत, शैक्षिक तथा व्यवस्थापकीय चुनौतीको सामना गरिरहेको छ। नेपालको सन्दर्भमा संस्कृत भाषा र शास्त्रीय वाङ्मय यस्ता अमूल्य निधि हुन्, जसले सताब्दिऔंदेखि समाजलाई ज्ञान, मूल्य, अनुशासन र जीवनदर्शनको आलोक प्रदान गर्दै आएका छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213849**

### पशुपतिनाथको सयौं रोपनी जग्गा अलपत्र

पशुपति क्षेत्र विकास कोष अन्तर्गतको १८ हजार रोपनीभन्दा बढी जग्गामध्ये विभिन्न स्थानमा भूमाफियाको कब्जा र केही स्थानमा अलपत्र छ । कोषले गठन गरेको पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवं छानबिन समितिको प्रतिवेदन अनुसार काठमाडौँ, सिन्धुपाल्चोक, मोरङ, सुनसरीसहित विभिन्न जिल्लामा पशुपतिनाथका नाममा रहेका जग्गा अवैध रूपमा भोगचलनमा रहेको देखिएको हो । समितिको अध्ययन प्रतिवेदनमा जग्गा संरक्षणका लागि तत्काल थप अध्ययन गर्न पनि भनिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213940**

## विश्वमा नेपाललाई के भनेर चिनाउने ?

शान्तिको सबैभन्दा विस्तृत र व्यवस्थित ज्ञान हाम्रै बुद्धले दिएका छन् । त्यसैले ‘शान्ति राष्ट्र’ को परिकल्पनाले हिमाली सभ्यताको सरलता मात्रै होइन, तराईको सभ्यताको गहनता पनि समेट्छ। राष्ट्रिय स्वतन्त्र पार्टीको भर्खरै सकिएको महाधिवेशनले नयाँ संविधानबाट निर्देशित विकास केन्द्रित परराष्ट्र नीति अपनाउने निर्णय गरेको छ । यो विगतकै निरन्तरता भएकाले यसमा मुख्य राजनीतिक शक्तिहरूबीच सहमति हुन सक्छ भनेर बुझ्न सकिन्छ। तर नयाँ संविधानले परराष्ट्र नीतिका बृहत् सिद्धान्तहरू दिए पनि नेपालको पहिचान के हुने भनेर प्रस्ट पारेको छैन । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/12/how-should-nepal-be-known-in-the-world-42-14.html**

## मानसरोवरको रोमाञ्चक यात्रा

तीर्थाटनको महत्व अनि धर्म दर्शनका अवसर, यसको न कुनै मापन हुन्छ, न त सीमा नै। कहावत नै छ, “अरू तीर्थ बारबार, कैलाश-मानसरोवर एक बार।” यसो भन्ने गरिए पनि यस पटकको मेरो मानसरोवर एवं कैलाश परिक्रमा यात्रा तेस्रो थियो। भगवान् भन्नुहुन्छ रे, “तिमी आँट, म पुऱ्याइदिन्छु।” भयो पनि त्यस्तै । पछिल्लो तीन वर्ष पवित्र मानसरोवरमा स्नान एवं पूजाआजा गर्ने अनि कैलाशको परिक्रमा गर्ने अवसर प्राप्त गरेँ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213844**

## साकेला : प्रकृति, संस्कृति र सभ्यताको जीवित उत्सव

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक पहिचानले समृद्ध राष्ट्र हो । यही विविधताको सुन्दर प्रतिरूपमध्ये किराँत समुदायको महान् सांस्कृतिक पर्व ‘साकेला’ एक विशिष्ट सभ्यता, प्रकृतिप्रतिको श्रद्धा र मानव जीवनको दार्शनिक चेतनाको प्रतीकका रूपमा स्थापित छ । विशेष गरी खोटाङलगायत पूर्वी नेपालका किराँत बहुल भूभागमा भव्यरूपमा मनाइने साकेला पर्व केवल उत्सव मात्र नभई आदिम सभ्यताको जीवित इतिहास, प्रकृतिसँगको सहअस्तित्व र पुर्खाको स्मृतिलाई पुस्तान्तरण गर्ने सांस्कृतिक अभियान हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/12/777069/**

## योगमाया आयुर्वेद विश्वविद्यालयको पठनपाठन वैशाख १९ देखि ठप्प

संखुवासभाको खाँदबारीस्थित विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयमा वैशाख १९ यता पठनपाठन पूर्ण रूपमा बन्द छ। विद्यार्थीले तत्काल कक्षा सञ्चालन गर्न माग गरेका छन् । विश्वविद्यालय सञ्चालनमा देखिएको अन्योलका कारण विद्यार्थीको शैक्षिक भविष्य संकटमा परेको भन्दै उनीहरूले शुक्रबार राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय तहका प्रमुखसँग छलफल गरी नियमित पठनपाठनको वातावरण बनाउन आग्रह गरेका हुन् । बाँकी...

स्रोत : **https://ekantipur.com/koshi-pradesh/2026/07/10/yogmaya-ayurveda-university-to-suspend-classes-from-april-19-38-16.html**

## लिम्बु समुदायको सांस्कृतिक पहिचान जोगाइरहेको च्याब्रुङ

पूर्वी पहाडका लिम्बु बस्तीमा हरेक उत्सव, शुभकार्य तथा सांस्कृतिक अवसरमा गुञ्जिने बाजा हो- च्याब्रुङ (केलाङ) । काँधमा झुन्ड्याएर बजाइने यो बाजा लिम्बु समुदायको सांस्कृतिक पहिचान, परम्परा र मौलिकताको महत्त्वपूर्ण प्रतीकका रूपमा आज पनि जीवित छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213390**

## च्याब्रुङ : लिम्बु संस्कृति जोगाउने मौलिक बाजा

२५असार, तेह्रथुम । नेपालको पूर्वी पहाडी क्षेत्रमा आदिमकालदेखि बसोबास गर्दै आएका याक्थुङ (लिम्बु) समुदायको आफ्नो भाषा, लिपि, धर्म, मुन्धुम, कला, संस्कृति, रीतिरिवाज र जीवनपद्धतिका कारण बहुजातीय नेपाली समाजमा छुट्टै पहिचान बोकेको समुदाय हो । प्रकृतिलाई जीवनको आधार मानेर विकसित भएको लिम्बु सभ्यताले पुस्तौंदेखि मौलिक संस्कृतिलाई निरन्तरता दिँदै आएको छ । यही सभ्यताको अमूल्य सम्पदामध्ये सबैभन्दा महत्वपूर्ण सांस्कृतिक चिनारी हो- केलाङ (च्याब्रुङ) । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971824/**

## बागमतीले ब्युँताउँदै २९ सय वर्ष पुरानो मोक्षमार्ग

करिब दुई हजार नौ सय वर्षदेखि किंवदन्ती, पुराण र इतिहासका पानामा सीमित रहेको पौराणिक मोक्षमार्ग अब पुनर्जीवित हुने भएको छ । बागमती प्रदेश सरकारले शिव सर्किट परियोजना अघि बढाउँदै १० जिल्लाका ६४ प्राचीन शिवलिङ्गलाई एउटै धार्मिक सर्किटमा जोड्ने अभियान सुरु गरेको हो । डिपिआरअनुसार परियोजनाको कुल लागत एक खर्ब ९३ अर्ब रुपियाँ अनुमान गरिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213992**

## भानु जयन्ती विविध कार्यक्रमसहित मनाइँदै

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको दुई सय १३ औं जन्म जयन्ती सोमबार विभिन्न कार्यक्रमसहित मनाइँदैछ । जयन्तीका अवसरमा भानु प्रतिष्ठान, काठमाडौंले नेपाल प्रज्ञा प्रतिष्ठानबाट नगरपरिक्रमा, रथारोहण, प्रभातफेरि र श्रद्धाञ्जली कार्यक्रम गर्दैछ । कार्यक्रममा प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याललगायत विशिष्ट व्यक्तिको उपस्थिति रहनेछ । यस्तै नेपाली शिक्षा परिषद्को आयोजनामा र भानु माध्यमिक विद्यालयको सहआयोजनामा सोमबार बिहान रानीपोखरी अगाडिको भानु प्रतिमामा माल्यार्पण गरिनेछ भने दिउँसो लेखनाथ साहित्य सदनमा कवि भूवनहरि सिग्देललाई पुरस्कृत गरिँदैछ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/214022**

## राष्ट्रको प्राणरक्षा गर्ने अभिभारा

जननिर्वाचित सरकारले नागरिक सर्वोच्चताको हैसियतमा सुरक्षा निकाय स्थापना गरी उत्तरदायित्वसहितको स्वायत्तता प्रदान गर्छ । उक्त निकाय सञ्चालन गर्न आवश्यक कानुन, बजेटलगायत अन्य स्रोतसाधन उपलब्ध गराउँछ । व्यावसायिक मूल्य र मान्यताभित्र रहेर मुलुक र नागरिकको सुरक्षा गर्न आदेश गर्छ । नागरिक सर्वोच्चताभित्र कुनै व्यक्ति वा राजनीतिक दलको निर्देशन पर्दैन । नेपाली सेना यही निष्ठाको आलोकबाट निर्देशित छ । सत्यभित्र बाँच्ने र त्यही आधारमा कर्म गर्ने उसको धर्म पनि हो । राष्ट्रिय एकता, भौगोलिक अखण्डता र मुलुकको स्वतन्त्र अस्तित्व कायम राख्न सेनाले गरेको कर्म र योगदानलाई इतिहासले पनि प्रमाणित गरेको छ । राष्ट्रिय सङ्कटमा सेनाको भूमिका र नागरिकमा उसले स्थापित गरेको विश्वसनीयता नै राष्ट्रको मूल पुँजी हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213960**

## मार्क्सलाई देवता र मार्क्सवादलाई धर्मशास्त्र नबनाऔं

प्रश्न मार्क्सवादमाथि मात्र होइन, सिङ्गो युरोपेली चिन्तन परम्परामाथि उठेको हो । प्रश्न उठाउने राजनीतिशास्त्री होइनन्, वैज्ञानिकहरू हुन् । यी वैज्ञानिकहरूले सामान्य वैचारिक परिमार्जनका कुरा गरिरहेका छैनन्, 'पाराडाइम सिफ्ट' को कुरा गर्दैछन् । सर्वप्रथम हाइजेनबर्गका माथिका वाक्यबारे छोटो स्पष्टीकरण राखेर विषय शुरु गर्नु सान्दर्भिक हुनेछ । यहाँ हाइजेनबर्गले 'नयाँ सिद्धान्त' भनेर हेगेल र मार्क्सका विचारतर्फ सङ्केत गरेका हुन् । 'विशाल क्षेत्र र शक्तिशाली समाज' भनेर सोभियत सङ्घ, चीन लगायत कम्युनिस्ट मुलुकतर्फ सङ्केत गरेका हुन् । बाँकी...

स्रोत:**https://www.reportersnepal.com/2026/07/1227095/?**

## धार्मिक वन घोषणा

यहाँको प्रख्यात धार्मिक स्थल छिम्केश्वरी मन्दिर आसपासको वनक्षेत्रलाई धार्मिक वन घोषणा गरिएको छ। समुद्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित यस क्षेत्रमा धार्मिक पर्यटनलाई सँगसँगै अगाडि बढाउने उद्देश्यले डिभिजन वन कार्यालय तनहुँले सो क्षेत्र समुदायलाई हस्तान्तरण गरेको हो। आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरी मन्दिर आसपासको ७.२१ हेक्टर राष्ट्रिय वनलाई छिम्केश्वरी धार्मिक वनका रूपमा घोषणा गर्दै डिभिजन वन कार्यालय तनहुँले छिम्केश्वरी पर्यटन विकास समितिलाई व्यवस्थापनको जिम्मेवारी सुम्पिएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213436**

## गर्मी छल्न पर्यटक रिग क्षेत्रमा

हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ । जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ । यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ । गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन् । उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो । बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/576494/tourists-flock-to-the-rig-area-to-beat-the-heat**

## पर्यटन बोर्डद्वारा 'वेलनेस रिल प्रतियोगिता २०२६' का विजेता घोषणा

नेपाल पर्यटन बोर्डले 'वेलनेस रिल प्रतियोगिता २०२६' का विजेता घोषणा गरेको छ । नेपालको विविध वेलनेस पर्यटनका आयामलाई सिर्जनात्मक भिडियो मार्फत विश्वसामु प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगिताले देशभरिका सर्जकबाट उत्साहजनक सहभागिता प्राप्त गरेको छ । प्रतियोगितामा १ सय ११ प्रतिस्पर्धीले योग, ध्यान, आयुर्वेद, आध्यात्मिक साधना, प्राकृतिक उपचार, वेलनेस रिसोर्ट तथा समग्र स्वस्थ जीवनशैलीसँग सम्बन्धित नेपालको विशिष्ट वेलनेस अनुभव समेटिएका मौलिक रिल भिडियो पेस गरेका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1972966/tourism-board-announces-winners-of-wellness-reel-competition-2026**

## वनफूलले सिँगारियो ढोरपाटन, पर्यटकको भीडभाड बढ्दै

समथर मैदानमा फूलेका थरिथरिका फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोरपाटन उपत्यका चिटिक्क सिँगारिएको छ । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ । फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन् । नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ । बाँकी...

स्रोत : **https://www.lokaantar.com/story/324088/2026/7/12/main-news/dhorpatan**

## धर्म र पर्यटनलाई जोड्दै मझुवागढी

जिल्ला सदरमुकाम दिक्तेल बजारस्थित हाटडाँडाबाट सिढीँ चढ्दै करिब ४५ मिनेट उकालो पार गरेपछि पुगिन्छ मझुवागढी । प्राकृतिक सुन्दरतासँगै कालिका भगवती मन्दिर, बुधेश्वर महादेव मन्दिर (गुफा), किरातीहरूको ऐतिहासिकस्थल जस्ता ऐतिहासिक एवं धार्मिक महत्वका स्थलहरूले यहाँको महिमा र गरिमालाई अझै उचो बनाएका छन् । पैदलयात्रा गरी माथि पुगिसकेपछि भने हरियालीयुक्त भूगोलसँगै तीर्थस्थलका साथै यहाँबाट देखिने दिक्तेल बजारसहित वरपरको रमणीय दृश्यले जोकोहीलाई मोहित गराउँछ । बाँकी... स्रोत : **https://deshsanchar.com/2026/07/05/1200801/**

## विमानस्थलभित्र पत्रकार सम्मेलन गर्न खोजेपछि दुर्गा प्रसाईंलाई नियन्त्रणमा लिएर घर पुऱ्याइयो

मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निषेधित क्षेत्रभित्र पत्रकार सम्मेलन गर्न खोजेपछि प्रहरीले नियन्त्रणमा लिएर घर पुऱ्याएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार प्रसाईंले विमानस्थलभित्र पत्रकार सम्मेलन गर्ने तयारी गरेका थिए । निषेधित क्षेत्रभित्र कुनै पनि प्रकारको सार्वजनिक कार्यक्रम गर्न नपाइने भएकाले प्रहरीले हस्तक्षेप गरेको उनले बताए । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/12/777101/**

## पृथ्वीको गर्भमा लुकेको पचाल छणा

**हुम्ला जुम्ला कालीकोट दैलेख जाजरकोट**
**सौंराइले बाडुली लाग्यो कैले होला भेट ।**

बिसुपर्वपछि कर्णालीका पाँच जिल्लामा पनि महिनापिच्छे पैठहरू (जातहरू) सुरु हुन्छन् । सोहीअनुसार कालीकोट जिल्लाको पचाल छणोमा धार्मिक मेला लाग्ने गर्छ । पचाल छणो पहिलेको राम्नाकोट गाविस वडा नं. ७, ८ र ९ मा र हाल पचालझरना गाउँपालिका खार्दु गाउँमा पर्दछ । दक्षिण एसियाकै अग्लो यो झरनाको उचाइ ३८१ मिटर रहेको तथ्यांक छ । कर्णाली अञ्चलमा धेरै मन्दिर छन्, जसलाई स्थानीय भाषामा 'माणु' भनिन्छ । बाँकी... स्रोत : **https://annapurnapost.com/story/503328/**

## नेपाली संस्कृति र पर्यटन प्रवर्द्धन गर्न पोल्यान्डमा 'नेपाल फेस्टिबल-२०२६' सञ्चालन हुँदै

युरोपेली मुलुक पोल्यान्डमा पहिलोपटक 'नेपाल फेस्टिबल-२०२६' आयोजना हुने भएको छ । आगामी जुलाई ११ मा पोल्यान्डको पोजनान सहरमा हुने महोत्सवमार्फत नेपाली संस्कृति, परम्परा तथा पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखिएको आयोजकले जनाएको छ । हामी नेपाली ग्लोबल-पोल्यान्ड शाखाको आयोजनामा पोजनानस्थित इम्पेरियल क्यासलमा हुने महोत्सव शनिबार बिहान ११:३० बजेदेखि सुरु हुनेछ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/diaspora/nepal-festival-2026-being-held-in-poland-to-promote-nepali-culture-and-tourism-67-21.html**

## पर्यटक रोजाइमा स्याङ्जाको 'म्हाजु भन्ज्याङ'

पञ्चमुलको माझकटेरीस्थित 'म्हाजु भन्ज्याङ' आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । आकर्षक अग्लो र रमणीय पहाडको चुचुरो म्हाजु भञ्ज्याङबाट पर्या-पर्यटनसँगै हिमशृंखलाको दृश्यावलोकन गर्न पाइने भएपछि म्हाजु भन्ज्याङ आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको हो । नेपालकै पहिलो ग्रामीण पर्यटकीय गाउँ सामुदायिक 'सिरुबारी होमस्टे' घरबास पुग्ने मूलसडक किनारको म्हाजु भन्ज्याङमा पछिल्लो समय आन्तरिक पर्यटकले भरिभराउ हुने गरेको छ । दैनिक सयौंको संख्यामा पर्यटक पुग्ने गरेका छन् । बाँकी... स्रोत : **https://www.karobardaily.com/news/391644**

## सात तले दधिफुक गुफा पर्यटकको पर्खाइमा

पहाडको भित्तामा प्वालैप्वाल छन् । भुइँसहित सात तलामा करिब ७० वटा कोठा छन् । ती कोठामा प्राचीन भित्तिचित्र, माटाका भाँडा र पुरातात्विक सामग्री सुरक्षित छन् । तलैपिच्छे काठका भऱ्याङ चढ्दै माथिसम्म पुग्न सकिन्छ । यो उपल्लो मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-१, चराङमा रहेको रहस्यमय दधिफुक गुफा हो । कडा चट्टान खोपेर निर्माण गरिएको यो गुफासम्म सडक सञ्जाल, झोलुङ्गे पुल र व्यवस्थित पदमार्ग निर्माण गरिएको छ । करिब १० मिनेटको पैदल यात्रापछि पुगिने दधिफुक गुफा भने अझै गुमनाम छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213974**

## पर्यटक प्रवेश शुल्कबाट ४६ करोड सङ्कलन

अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) को तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा एक्यापले ९२ करोड ७५ लाख ९५ हजार ९ सय रुपियाँ आम्दानी गरेको छ, जुन गत आर्थिक वर्ष २०८०/८१ को तुलनामा करिब १६ करोड ४२ लाख रुपियाँले बढी हो । गत वर्ष ७६ करोड ३३ लाख ६४ हजार १५३ रुपियाँ सङ्कलन भएको थियो । एक्यापको आम्दानीको सबैभन्दा ठुलो हिस्सा पर्यटक प्रवेश शुल्क हो ।राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) मार्फत सङ्कलन हुने शुल्कबाट ४६ करोड ४८ लाख ८४ हजार रुपियाँभन्दा बढी उठाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/214009**

## विशेष शिक्षकलाई सरकारी दरबन्दीमा रुपान्तरण, स्थायी सरह सेवा सुविधा

शारीरिक र बौद्धिक अपाङ्ता भएका बालबालिका केन्द्रित विशेष शिक्षा प्रदान गर्ने व्यवस्था गरिएको छ। सरकारले गत बिहीबार स्वीकृत गरेको शिक्षा नियमावलीको १०औँ संशोधनले दृष्टिविहीन, न्यूनदृष्टि, श्रवणविहीन, सुस्तमनस्थिति, बौद्धिक अपाङ्गता, अटिज्म, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्ने व्यवस्था गरेको हो। नियमावलीले यस्ता बालबालिकालाई पढाउन विशेष शिक्षकलाई दरबन्दीको समेत व्यवस्था गरेको छ। बाँकी...

स्रोत : **https://nepalkhabar.com/society/279866-2026-7-6-16-14-3**

## लडाइँमा ज्ञात, इतिहासमा अज्ञात

सबैलाई चेतना भया।' हामीले दशकौं अघिदेखि पढ्दै, लेख्दै र सुन्दै आएको वाक्य हो यो। के यो मुलुक एक व्यक्तिको दु:खले बनेको हो ? हालै प्रकाशित केशवराज ज्ञवालीको उपन्यास अज्ञातले यही मुल प्रश्नको उत्तर खोजेको छ। के यो मुलुक एक व्यक्तिको मात्र प्रयासले बनेको हो त ? होइन भने किन 'हाम्रा दु:खले आर्ज्याको मुलुक' भनिएन ? आखिर यो मुलुक बनाएको कसले हो ? केही साताअघि टेक्ससको डालस नजिक फोर्नीस्थित कथाकार कृष्ण कुसुमको निवासमा मध्यरात कटिसक्दा अज्ञातका लेखक ज्ञवाली यस्तै प्रश्न गरिरहेका थिए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1969911/known-in-battle-unknown-in-history**

## हुम्ला पूर्ण खोप सुनिश्चित

हुम्लालाई पूर्ण खोप दिगोपना सुनिश्चित जिल्ला घोषणा गरिएको छ। स्वास्थ्यसेवा कार्यालय हुम्लाको आयोजना तथा जिल्ला खोप समन्वय समितिको सहकार्यमा आइतबार हुम्लालाई पूर्ण खोप दिगोपना सुनिश्चित जिल्ला घोषणा गरिएको हो। स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख डा. उमाकान्त तिवारीका अनुसार जन्मेदेखि १५ महिनासम्मका एक हजार ३७ जना र १६ महिनादेखि ५९ महिनाका दुई हजार ३३४ गरी कुल तीन हजार ३७१ बालबालिका पूर्ण खोपबाट लाभान्वित भएका छन्। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213143**

## किन रोकियो लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति नियुक्ति ?

लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति नियुक्ति प्रक्रिया रोकिएको छ। आठ वटा विश्वविद्यालयको उपकुलपति नियुक्ति प्रक्रिया एकैसाथ अगाडि बढाइएको थियो। तर ७ वटा विश्वविद्यालयको उपकुलपति १९ असारमा नियुक्ति भएपनि लुम्बिनी बौद्ध विश्वविद्यालयले उपकुलपति पाउन सकेन। 'प्राध्यापकको आवेदन परेको थिएन। उपप्राध्यापक र सहप्राध्यापकको आवेदन परेको थियो। अध्ययनको क्रममा छ,' मन्त्रालयका एक अधिकारीले भने। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970311/why-was-the-appointment-of-the-vice-chancellor-of-lumbini-buddhist-university-stopped**

## दया फाउन्डेसनद्वारा नेपाली संस्कृति र सम्पदा प्रवर्द्धनसम्बन्धी विशेष सांस्कृतिक कार्यक्रम सम्पन्न

दया फाउन्डेसनले नेपाली मौलिक संस्कृति, परम्परा तथा सम्पदाको संरक्षण, प्रवर्द्धन र नयाँ पुस्तामा सांस्कृतिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले 'ए तपेस्ट्री अफ नेपाली कल्चर एण्ड हेरिटेज' शीर्षकको विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरेको छ । नेपाल पर्यटन बोर्ड, प्रदर्शनीमार्गमा आयोजित कार्यक्रममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ प्रमुख अतिथि तथा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. केदार भक्त माथेमा विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/06/776367/**

## ३ दिनसम्म विविध कार्यक्रम गरी भानु जयन्ती मनाइने

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको २१३औँ जन्मजयन्ती गृहजिल्लामा विविध कार्यक्रमसहित मनाइने भएको छ । भानुभक्त जन्मस्थल विकास समितिले भानुजयन्ती तीन दिनसम्म विविध कार्यक्रम आयोजना गरी जयन्ती मनाउने तयारी गरेको हो । भानु नगरपालिकाका प्रमुख एवं भानु जन्मस्थल विकास समितिका अध्यक्ष आनन्दराज त्रिपाठीको अध्यक्षतामा सोमबार यहाँ सम्पन्न बैठकले यही असार २७, २८ र २९ गते तीन दिनसम्म विविध कार्यक्रम सञ्चालन गरी २१३औँ भानु जयन्ती मनाउने निर्णय गरेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970470/bhanu-jayanti-to-be-celebrated-with-various-programs-for-3-days**

## पर्यटकीय केन्द्र बन्दै लब्रेकुटी

पाँचथरको फिदिम नगरपालिका-५ मा अवस्थित लब्रेकुटी धार्मिक, ऐतिहासिक र प्राकृतिक सौन्दर्यको सङ्गमका रूपमा स्थापित हुँदै गएको छ। १६ औँ राष्ट्रिय विभूति तथा किराँत धर्मका प्रवर्तक महागुरु फाल्गुनन्द लिङ्देनको कर्मभूमिका रूपमा परिचित यो क्षेत्र पछिल्ला वर्षमा धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास हुन थालेको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213417**

## पर्यटक लोभ्याउने दर्मिजाको सुन्दर झरना

म्याग्दीको रघुगङ्गा गाउँपालिका ४ दर्मिजामा रहेको मनमोहक झरना । यो झरना धवलागिरि आइसफल पदमार्गमा पर्दछ । धवलागिरि आइसफल पदमार्गको पदयात्रामा आउने आन्तरिक एवम् वाह्य पर्यटकहरु झरनामा रमाउने गर्दछन् । गाउँपालिकाले झरनालाई पर्यटकीय स्थलका रुपमा विकास गर्न झरनासम्म पुग्ने पदमार्ग निर्माण गरेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213752**

## छोसेर खोलामा मोटरेबल पुल, स्थानीय र पर्यटकलाई सहज

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित छोर्तेन छोमा खोलामा मोटरेबल पुल निर्माण भएपछि स्थानीयवासी र पर्यटकलाई आवतजावतमा सहज भएको छ । तिब्बतबाट आउने मौसमी तथा बेमौसमी बाढीले काठे पुल बारम्बार बगाउँदा स्थानीय र पर्यटकले सास्ती खेप्दै आएका थिए। उक्त समस्या समाधान गर्न गाउँपालिकाले ७८ लाख रुपियाँको लागतमा ८.५ मिटर लामो मोटरेबल पुल निर्माण गरेको हो । गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले पुलको उद्घाटन गर्दै वर्षायाममा खोला तर्दा जोखिम मोल्नुपर्ने बाध्यता हटेको बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213567**

## पर्यटन मन्त्रीको १ सय दिने उपलब्धिमा विगतका कामको निरन्तरता अधिक

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खड्क राज पौडेलले मन्त्रालय सम्हालेको १ सय दिन पुगेको उपलक्ष्यमा सार्वजनिक गरेका कामको सूचीमा अघिल्ला सरकारहरुकै पालामा सुरु भएका कामले निरन्तरता पाएको देखिएको छ । मन्त्रालयले शासकीय सुधार अन्तर्गत १ सय दिनका प्रमुख उपलब्धि सार्वजनिक गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970941/tourism-ministers-100-day-achievements-include-continuation-of-past-work**

## कैलाश-मानसरोवर तीर्थयात्रा : पर्यटकसँगै बढ्यो आर्थिक चहलपहल

हुम्ला सदरमुकाम सिमकोटस्थित होटल विजयका सञ्चालक विजय लामासहित आधा दर्जन कर्मचारीलाई अहिले भ्याइनभ्याइ छ । कैलाश-मानसरोवर दर्शनमा जाने ४० देखि ६० जनासम्म भारतीय पर्यटकलाई दैनिक व्यवस्थापन गर्दा उनीहरूको व्यस्तता बढेको हो । 'तीर्थयात्री आउन थालेको बल्ल एक महिना पुग्यो, अझै ३ महिनासम्म सिजन चल्छ,' उनले भने, 'पर्यटकका लागि खाना-बस्नसहित अन्य बन्दोबस्तीको व्यवस्था गर्दा एकछिन पनि फुर्सद पाउन मुस्किल छ ।' बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/06/kailash-mansarovar-pilgrimage-economic-activity-increases-with-tourists-16-50.html**

## हिमालको काखमा ६ दिन : लाङटाङ यात्राका अविस्मरणीय पाइला

मानिसको जीवनमा केही यात्राहरू यस्ता हुन्छन्, जसले केवल नयाँ ठाउँको परिचय मात्र गराउँदैनन्, जीवनलाई नयाँ दृष्टिकोण पनि दिन्छन् । हिमालको काखमा अवस्थित लाङटाङ भ्यालीको मेरो ६ दिने यात्रा पनि यस्तै अविस्मरणीय अनुभव बन्यो । प्राकृतिक सौन्दर्य, चुनौतीपूर्ण पदयात्रा, हिमाली संस्कृतिसँगको साक्षात्कार र खेल पर्यटनको उत्साहले भरिएको यो यात्रा आज पनि स्मृतिमा ताजै छ । यात्राको सुरुवात एक सामान्य भेटघाटबाट भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958363/six-days-in-the-lap-of-the-mountains-unforgettable-steps-of-the-langtang-journey**

## सगरमाथा चढ्नुअघि सात हजार मिटरभन्दा माथिको हिमाल आरोहण अनिवार्य बनाइँदै

सरकारले सात हजार मिटरभन्दा माथिको हिमाल नचढी सगरमाथा आरोहण गर्न नपाइने प्रावधान ल्याउने तयारी गरेको छ। सोमबार राष्ट्रियसभा बैठकमा आफ्नो मन्त्रालयको विनियोजित बजेटमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नयाँ बन्न लागेको पर्यटन ऐन तथा नियमावलीमा सात हजार मिटरभन्दा माथिको हिमाल नचढी सिधै सगरमाथा चढ्न नपाइने प्रावधान राख्न लागिएको जानकारी दिए। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/575336/climbing-mountains-above-7000-meters-is-being-made-mandatory-before-climbing-mount-everest**

## नगर पक्षी खोज्दै पोखरा महानगर

जापानको टोकियोले ब्ल्याक-हेडेड गललाई नगर पक्षी घोषणा गरेको छ। अमेरिकाको सियाटलले ग्रेट ब्लु हेरोन र सिकागोले पेरेग्रिन फाल्कनलाई आफ्नो नगर पक्षी मानेका छन् । संसारका ३ दर्जनभन्दा बढी देशका सहरहरुले नगर पक्षी घोषणा गरेको तथ्याङ्क छ। नेपालकै लुम्बिनीले दुर्लभ र विश्वकै सबैभन्दा अग्लो उड्ने पक्षी सारसलाई आफ्नो पहिचान बनाएको छ भने पोखराकै वडा नम्बर २५ ले पनि लाटोकोसेरोलाई वडा पक्षीका रुपमा घोषणा गरेको छ। विश्वभर नगर पक्षी घोषणा गर्ने र चरा पर्यटनको विकास गर्ने अभ्यासन लामो समयदेखि चल्दै आएको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/575260/pokhara-metropolis-looking-for-city-birds**

## सम्झनामा सीतारानीको सफारी साहस

बर्दिया राष्ट्रिय निकुञ्जको छेउमै जन्मिएकी थिइन् सीतारानी चौधरी। बाल्यकाल जंगलको काखमै बित्यो। चराको चिरबिर, बाघको पदचाप र वनको शान्त वातावरणसँगै हुर्किंदै जाँदा प्रकृति नै उनको जीवन बन्यो। पछि त्यही प्रेमले उनलाई नेचर गाइडको परिचय दियो। बर्दिया राष्ट्रिय निकुञ्जमा बाघ देखाउन सिपालु, वन्यजन्तु र चराबारे गहिरो ज्ञान भएकी तथा पर्यटकलाई सहज शैलीमा जानकारी दिन सक्ने गाइडका रूपमा उनी स्थापित भइन्। बर्दिया र बाँके निकुञ्जमा उनको सिको गर्दै धेरै जना पर्यापर्यटनमा होमिएका छन् । पथ प्रदर्शकका रुपमा काम गरिरहेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/feature/2026/07/06/sitaranis-safari-adventure-in-memory-40-19.html**

## निजगढ वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल : पर्यटनमन्त्री पौडेल

स्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले संस्कृतिको जगेर्ना, प्रवर्द्धन र पर्यटकीय क्षेत्रको विकासका लागि सरकार क्रियाशील रहेको बताएका छन् । राष्ट्रिय सभाको आजको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत पर्यटन मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले नागरिक उड्डयन क्षेत्रको विकास र विस्तारलाई उच्च प्राथमिकतामा राखिएको जानकारी दिए।उनले प्राप्त बजेट सीमाभित्र रहेर देशैभरि समन्यायिक ढंगले बजेट विनियोजनको प्रयास गरिएको स्पष्ट पारे। बाँकी...

स्रोत : **https://www.nepalnews.com/2026/07/06/nijgadh-alternative-international-airport-tourism-minister-poudel/**

## भारतसँगको सम्बन्ध नेपालका लागि उच्च प्राथमिकतामा छ : परराष्ट्रमन्त्री खनाल

परराष्ट्रमन्त्री शिशिर खनालले भारतसँगको सम्बन्ध नेपालका लागि उच्च प्राथमिकतामा रहेको बताएका छन् । भारत भ्रमणमा रहेका मन्त्री खनालले शनिबार साँझ नयाँ दिल्लीमा विदेशमन्त्री डा. एस जयशंकरसहितका टोलीसँगको भेटमा भारतसँगको सम्बन्ध ऐतिहासिक मात्रै नभएको उल्लेख गरे। मन्त्री खनालले नयाँ सरकार भारतसँगको सम्बन्धलाई थप सुदृढ बनाउन उच्च तहमा सक्रिय रूपमा संलग्न हुन तयार रहेको बताएका हुन्। बाँकी... स्रोत : **https://shilapatra.com/detail/187613**

## मोदीले भारतलाई कसरी रूपान्तरण गरे ?

जुन १० मा नरेन्द्र मोदी भारतका सबैभन्दा लामो समयसम्म निरन्तर सेवा गर्ने निर्वाचित प्रधानमन्त्री बने । उनले भारतका स्वतन्त्रता-युगका नायक जवाहरलाल नेहरूलाई उछिने, जसले पहिलो आम चुनावपछि चार हजार तीन सय ९८ दिन प्रधानमन्त्रीका रूपमा सेवा गरेका थिए । यद्यपि नेहरू स्वतन्त्रतापछि पहिलो आमचुनावअघि पाँच वर्ष प्रधानमन्त्री थिए र इन्दिरा गान्धीले समग्र रूपमा बढी समय प्रधानमन्त्रीत्व गरे पनि त्यो अविच्छिन्न थिएन । निःसन्देह भारतका स्वतन्त्रतापछिका तीन सबैभन्दा प्रभावशाली नेतामध्ये एकका रूपमा मोदी उभिएका छन् । नेहरू र इन्दिरा गान्धीजस्तै मोदीको विरासतले भारतको भविष्यको दिशा निर्धारण गर्नेछ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/how-did-modi-transform-india-28-72.html?click_from=category**

## डिजिटल सूचनाको अभावमा भारतीय पर्यटक, पर्यटन प्रवर्धनमा चुनौती

मधेश प्रदेशका सिमानाका, राजमार्ग र प्रमुख पर्यटकीय गन्तव्यमा पर्याप्त डिजिटल सूचना प्रणाली नहुँदा नेपाल भ्रमणमा आउने भारतीय पर्यटक अलमलमा पर्ने गरेका छन् । पर्यटन आगमन बढ्दै गए पनि आवश्यक डिजिटल सेवा र सूचना अभावले उनीहरूले अनावश्यक झन्झट बेहोर्नुपरेको सरोकारवालाले बताएका छन् । आफ्नै कार तथा मोटरसाइकल लिएर नेपाल आउने भारतीय पर्यटकले सिमानाकाबाटै सवारी प्रवेश अनुमति, रुट परमिट, सडक तथा ट्राफिक नियम, क्यूआर कोडमार्फत भुक्तानी, भारतीय रुपैयाँ सटही केन्द्रलगायतका विषयमा आधिकारिक डिजिटल सूचना नपाउँदा समस्या भोगिरहेका छन् । बाँकी... स्रोत : **https://www.karobardaily.com/news/391192**

## पोखरामा साहसिक पर्यटनको आकर्षण : भारतीय र बङ्गलादेशी पर्यटकको चहलपहलसँगै सुरक्षा कडा

पोखराको प्रमुख पर्यटकीय आकर्षणका रूपमा रहेको प्याराग्लाइडिङ उडानलाई सुरक्षित र मर्यादित बनाउन प्रहरीले सक्रियता बढाएको छ । साहसिक खेलका रूपमा चिनिने यस क्षेत्रमा हुनसक्ने जोखिम न्यूनीकरणका लागि प्रहरीले प्याराग्लाइडिङ पाइलटहरूको मादक पदार्थ (मापसे) तथा लागूपदार्थ (लापसे) सेवनसम्बन्धी विशेष जाँच सुरु गरेको हो । सडकमा सवारी चालकहरूको नियमित जाँच गरिएझैँ पोखरा-१८, सराङकोटस्थित तोरीपानी पुगेर प्रहरी टोलीले उडानको तयारीमा रहेका पाइलटहरूको आकस्मिक परीक्षण गरेको थियो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/576703/adventure-tourism-attraction-in-pokhara-security-tightened-with-the-influx-of-indian-and-bangladeshi-tourists**

## संसदीय समितिमा गोप्य 'ब्रिफिङ' लगत्तै बालेनको भारत भ्रमण चर्चा

प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल-भारत सीमाबारे संसदमा बोलेको विवाद सेलाउन नपाउँदै उनको भारत भ्रमणको चर्चा सुरु भएको छ । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको असार २३ को बैठकमा परराष्ट्रमन्त्री शिशिर खनाललाई बोलाइएको थियो। भारत, चीन भ्रमण साथै अरु समसामयिक अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा छलफल गर्न उनलाई डाकिएको थियो । बैठकमा पत्रकारलाई प्रवेश दिइएन । नेपालखबरले पछि ३ जना समिति सदस्य सांसदहरुसँग कुरा गर्दा उनीहरुले एउटै कुरा सुनाएका थिए– औपचारिक ब्रिफिङ गर्नुभयो । बाँकी... स्रोत : **https://nepalkhabar.com/politics/280401-2026-7-12-10-29-15**

## मुक्तिनाथबाट फर्किने भारतीय पर्यटकले बागलुङमा चहलपहल

मुक्तिनाथ दर्शनका लागि आउने भारतीय तीर्थयात्रीको सङ्ख्या बढेसँगै बागलुङका धार्मिक तथा पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढेको छ। मुक्तिनाथबाट फर्किने पर्यटकले बागलुङ कालिका मन्दिर, शालीग्राम सङ्ग्रहालय, पञ्चकोटलगायतका स्थल भ्रमण गर्न थालेका छन्। कालीगण्डकी करिडोरमार्फत भैरहवाबाट मुक्तिनाथ पुग्ने सडक सञ्चालनमा आएपछि तथा पोखरा आएका पर्यटक बागलुङतर्फ पनि आकर्षित हुन थालेपछि यहाँका होटलमा भारतीय पर्यटकको उपस्थितिसमेत उल्लेख्य रूपमा बढेको छ। बाँकी...

स्रोत : **https://khabarhub.com/2026/04/992724/**

## भारतमा चिया निकासी केही सहज : ११ दिनमा ११ करोड रुपैयाँको निकासी

नेपाली चिया निकासीमा भारतीय अवरोध खुकुलो भएपछि नेपालको चिया निकासी विस्तार बढ्न थालेको छ। मेची भन्सार कार्यालयको तथ्यांकअनुसार असार ११ देखि २२ गतेसम्ममा ११ करोड ९ लाख ४१ हजार ३०५ रुपैयाँ मूल्यको ३ लाख ५ हजार ७५३ किलोग्राम चिया भारत निकासी भएको छ। असार १ देखि १० गतेसम्म भारतीय चिया बोर्डले नेपाली चिया निर्यातमा लागू गरेको नयाँ स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्योर (एसओपी) का कारण चिया उद्योगहरु बन्द भएका थिए। नेपाल सरकारबाट समस्या समाधानका लागि उच्चस्तरीय पहल र कार्यदल गठन भएपछि उद्योगीहरूले आन्दोलन स्थगित गर्दै असार ११ गतेदेखि उद्योग सञ्चालन गरेका थिए। बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/460305/export-of-tea-in-india-somewhat-easy-/**

## विदेशी कूटनीतिक वृत्तले बुझ्नै नसकेको बालेनको 'सरप्राइज'

नयाँ र परिवर्तनको नारासहित बालेन्द्र शाहको नेतृत्वमा बनेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारका सय दिनका बारेमा चर्चा भइरहेको छ। सामान्यतः विहानीले दिउँसोको संकेत गर्दछ भनेझैँ सुरुका सय दिनले सरकारको बाँकी कार्यकालको संकेत गर्ने अर्थमा यस अवधिलाई लिने गरिन्छ। अझ सय दिनमा गर्ने सयवटा कामको सूचीसहित सिंहदबार प्रवेश गरेको सरकारले दिनगन्ती गरेरै परिणाम दिन अपेक्षा जगाएका कारण नागरिकमा थप चासो हुनु अस्वाभाविक भएन। यस सन्दर्भमा नयाँ सरकारको परराष्ट्र नीति र सम्बन्धका बारेमा पनि लेखाजोखा भइरहेको छ। बाँकी...

स्रोत : **https://nepalkhabar.com/opinion/279705-2026-7-4-17-54-54**

## लोकतन्त्रमा संसदीय अभ्यास, मर्यादा र प्रक्रिया

सरकारको 'मधुमास' अवधि सकिएको छ। लोकतान्त्रिक व्यवस्थामा सरकारलाई प्रारम्भिक चरणमा जनताले अपेक्षा, विश्वास र धैर्यको अवसर प्रदान गर्छन्। तर, त्यो अवधि अनन्त हुँदैन। अब, सरकारको मूल्यांकन आश्वासन, घोषणा, प्रचार, भाषण र आत्मप्रशंसाबाट होइन, परिणाम, उत्तरदायित्व, कार्यसम्पादन र उपलब्धिबाट हुनेछ। लोकतन्त्रमा जनादेश भनेको असीमित अधिकारको प्रमाणपत्र होइन, न त्यो अपरिवर्तनीय अधिकार नै हो। त्यो जनताप्रति उत्तरदायित्व निर्वाह गर्ने दायित्वपत्र हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/199410/2026-07-09**

## सामाजिक लोकतन्त्रका मानक

आधुनिक लोकतन्त्रमा राजनीतिक दल तितरबितर अवस्थामा रहेका जनतालाई एकत्रित, सङ्गठित र परिचालित गर्ने अपरिहार्य औजार मानिन्छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बहुलवादको अभ्यास कुनै पनि लोकतान्त्रिक राजनीतिक दलको संस्कृति हुनु पर्छ भन्ने मान्यता अनुसार बहुमतको मूल्याङ्कन अनुसार नेतृत्व चयन एवं नीति चयन गर्न महाधिवेशन गर्ने गरिन्छ । यही असार ७ देखि १२ गतेसम्म चितवनमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशन सम्पन्न भएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213967**

## संघीय व्यवस्थामाथि अनावश्यक छेडखानी स्वीकार्य हुँदैन : भीष्मराज आङदेम्बे

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले संशोधनको नाममा संविधानको आधारभूत मर्म, लोकतान्त्रिक मूल्य र सङ्घीय व्यवस्थामाथि अनावश्यक छेडखानी स्वीकार्य नहुने बताएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै लामो इतिहास बोकेको संविधानमाथि अनावश्यक छेडखानी राम्रो नहुने बताए । उनले भने, ‘संविधान संशोधन जस्तो गम्भीर विषयमा अहिलेसम्म गम्भीर र घनिभूत संवाद हुन सकेकै छैन । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/06/776351/**

## ‘विज्ञता’ को हतियारले समावेशितामा प्रहार

‘खुला प्रतिस्पर्धा र योग्यता’ (मेरिटोक्रेसी) को भाष्य निर्माण गर्न खोजिए पनि अन्तिम नतिजामा सीमान्तकृत समुदायको प्रतिनिधित्व शून्य हुनुले वर्तमान सरकार पनि पुराना शासकहरूकै पदचिह्नमा हिँडिरहेको प्रष्ट हुन्छ । वर्तमान सरकारले पदभार ग्रहण गरेयता सार्वजनिक प्रशासन र राजनीतिक नियुक्तिहरूमा ‘व्यापक सुधार र शुद्धीकरण’ को नारा अघि सारेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973835/attacking-inclusion-with-the-weapon-of-expertise**

## जातीय विभेदको जालो तोड्न सिंहदरबारको ढोका र चेतना दुवै खोलिनुपर्छ : सांसद सेन्चुरी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद स्मृति सेन्चुरीले नेपाली समाजमा रहेको जातीय विभेदको जालो तोड्नका लागि राज्यले अग्रसरता लिनुपर्ने बताएकी छन् । दलित भएकै कारण काठमाडौंमै कोठा भाडामा नपाइने समस्या रहेको पनि सांसद सेन्चुरीको भनाइ थियो । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसद सेन्चुरीले समाजमा दलित भएका कारणले गर्दा बाँच्न मुस्किल पर्ने अवस्थाको अन्त्य गर्नुपर्ने बताएकी हुन् । ’आज पनि ८१ दिनदेखि ’सरकार कोठा खाली छ ?’ बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/08/178350026111229997.html**

## दाइजो र स्त्रीधनबीचको भिन्नता बुझौं

नेपालमा संविधानले समानता, सामाजिक न्याय र महिला अधिकारको सुनिश्चितता गरेको धेरै वर्ष बितिसकेको छ । महिलाको सम्पत्तिमाथिको अधिकारलाई कानुनी संरक्षण पनि दिइएको छ । तर व्यवहारमा भने महिलाले आफ्नै सम्पत्तिमाथि स्वामित्व प्रयोग गर्न नपाउने अवस्था अझै कायम छ । यसको प्रमुख कारण दाइजो र स्त्रीधनलाई एउटै अर्थमा बुझ्ने सामाजिक भ्रम, कानुनी अज्ञानता र पितृसत्तात्मक सोच हो । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/blog/let-s-understand-the-difference-between-dowry-and-bride-price-14-62.html**

## पाठ्यपुस्तकले बालमस्तिष्कमा कस्तो छाप छोडिरहेको छ ?

बालबालिकाले 'अ' बाट अनार, 'आ' बाट आमा, 'क' बाट कछुवा भन्दै अक्षरारम्भ गर्छन्। उनीहरूका लागि वर्णमाला भाषा सिक्ने पहिलो खुड्किलो हो । अक्षरसँगै प्रस्तुत गरिएका शब्द, चित्र र उदाहरणले बालबालिकालाई केवल भाषा मात्र सिकाइरहेका हुँदैनन्, समाजलाई बुझ्ने आधार पनि निर्माण गरिरहेका हुन्छन् । कल्पना गरौँ, कुनै बालबालिकाले 'क्ष' को उदाहरणका रूपमा 'क्षेत्रीय' पढ्छ भने अर्कोले 'ज्ञ' को उदाहरण 'ज्ञानी' पढ्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1972556/what-kind-of-impression-is-the-textbook-leaving-on-the-childs-brain**

## सम्पत्ति जाँचबुझ आयोगमाथि उठेका ६ संवैधानिक र कानुनी प्रश्न के हुन् ?

सर्वोच्च अदालतले सम्मत्ति छानबिन आयोगमाथि बहसका क्रममा छ संवैधानिक प्रश्न उठेकाले त्यसको निरुपण पूर्ण इजलासबाट हुनुपर्ने भन्दै एमिकस क्यूरी झिकाउने आदेश दिएको छ । न्यायाधीश टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले यस्तो आदेश दिएको हो । यो मुद्दाको बहसमा क्रममा उठेका ६ संवैधानिक र कानुनी प्रश्नहरू यस्ता छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973118/what-are-the-six-constitutional-and-legal-questions-raised-by-the-assets-inquiry-commission**

## जङ्गलले सोधेको एउटा प्रश्न, जसको उत्तर हामीसँग छैन

लामो गफगाफपछि मैले ती बहिनीलाई सोधेँ- 'सबै केटाकेटीहरू आ-आफ्नो जोडीसँग आइरहेका छन्, तिमी चाहिँ एक्लै ?' प्रश्न भुइँमा खस्न नपाउँदै उनले हाँस्दै जवाफ दिइन 'उसलाई हिँड्न मन पर्दैन, हिँड्ने साथी पाउनुपर्छ । म त चल्दिहाल्छु ।' त्यो जवाफमा कुनै गुनासो थिएन, कुनै बनावटीपन पनि थिएन । बरु एउटा स्वतन्त्र मनको सरल स्वीकारोक्ति थियो बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973394/a-question-asked-by-the-forest-to-which-we-have-no-answer**

## समाजवाद कहिल्यै आउँदैन

फागुन २१ को चुनावी पराजयपछि नेपालका कांग्रेस-कम्युनिस्टहरू ठूलो सङ्कटमा फसेका छन् । जनमत त स्वाहा भयो नै, उनीहरूभित्र आन्तरिक कलह पनि गहिरो बन्दै गएको छ । तैपनि फेरि उनीहरू 'कसरी शक्ति हासिल गर्ने' भनेर उपाय खोज्न थालेका छन् । वाम एकता, पार्टी एकता, वाम-लोकतान्त्रिक गठबन्धन जस्ता पदावलीमाथि चर्चा हुन थालेको छ । फेरि 'समाजवाद' बारे व्याख्या-विश्लेषण हुन थालेको छ । त्यसो त नेपालमा अहिले 'समाजवादी' बन्ने फेसन नै चलेको छ । नेपालको संविधानमा नै 'समाजवादोन्मुख' पदावली छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1968915/socialism-will-never-come**

## कांग्रेस असन्तुष्ट समूहको शक्ति कति ?

निवर्तमान सभापति शेरबहादुर देउवा र महाधिवेशनमा प्रतिस्पर्धा गरेका डा. शेखर कोइरालानिकट अधिकांश नेताहरू अहिले खड्का नेतृत्वको समूहसँग देखिएका छन् । १६८ सदस्यीय निवर्तमान केन्द्रीय कार्यसमितिमध्ये १११ जना झण्डै छ महिनादेखि जारी आन्तरिक विवादले थलिएको कांग्रेसमा विभाजनकै खाडल बन्न थालेको छ । विशेष महाधिवेशनपछि चर्किएको विवाद अझै साम्य हुन सकेको छैन । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/07/1972429/congress-ittar-3-26**

## सरकारले ल्याएको सदाचार नीतिप्रति अधिकारकर्मीले उठाए प्रश्न

सार्वजनिक जीवनमा नैतिकता, सुशासन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गर्ने उद्देश्यसहित सरकारले 'राष्ट्रिय सदाचार नीति, २०८३' लागू गरेको छ। मन्त्रिपरिषद्बाट स्वीकृत नीति सार्वजनिक निकायका कर्मचारी र जनप्रतिनिधिमा मात्रै सीमित नभई राजनीतिक दल, संवैधानिक निकाय, न्यायपालिका, सुरक्षा निकाय, निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था, सञ्चारमाध्यम तथा नागरिक समाजसम्म लागू हुने गरी तयार गरिएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/12/rights-activists-raise-questions-over-governments-ethics-policy-12-19.html**

## परदेशिएका सपना र रित्तिएका गाउँ

४० लाख खर्चेर विदेशमा शारीरिक श्रम गर्नुभन्दा, ५ लाखमा स्वदेशमै पढेर बाँकी पूँजी नवप्रवर्तन र डिजिटल उद्यममा लगाउने वातावरण कहिले बन्ने ? विश्वविद्यालयलाई बाहिर राखेर गरिने नवप्रवर्तन दिगो हुँदैन। अब उच्च शिक्षाको पाठ्यक्रमलाई 'गिग इकोनोमी' र डिजिटल बजारसँग जोड्नुको विकल्प छैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा पुग्ने जो कोहीले पनि त्यहाँको भीड देख्दा सहजै अनुमान लगाउन सक्छ, यो देशमा कोही बस्न चाहँदैन। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973073/foreign-dreams-and-empty-villages**

## ऊर्जा आर्थिक रूपान्तरणको आधार

निजी क्षेत्रकेन्द्रित समृद्धि संवादमा अग्रसर रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले शुक्रबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पानका) पदाधिकारीसँग वस्तुगत छलफल गर्नुभएको छ। प्रधानमन्त्री शाहसँग ऊर्जा क्षेत्रको विद्यमान अवस्था, समस्या र तिनको समाधानकेन्द्रित छलफल भएको इप्पानले जनाएको छ। छलफलमा जलविद्युत् आयोजना निर्माणका विद्यमान व्यवधान, प्रसारण लाइन र विद्युत् व्यापारमा निजी क्षेत्रको सम्भावित भूमिका, डेटा सेन्टर तथा मल कारखाना निर्माण, विद्युत् आयोजनाका सार्वजनिक सेयर निष्कासन, लाइसेन्स होल्ड गर्ने प्रवृत्तिका विषयमा वस्तुगत संवाद भएको इप्पानका वरिष्ठ उपाध्यक्ष उत्तम भ्लोन लामाले जानकारी दिनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213830**

## 'जेनजी' आन्दोलनका योद्धाहरूलाई न्याय दिलाउँछु : अफ्साना बानु

अफ्साना बानु प्रतिनिधि सभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसद हुन्। संघीय संसदको कानुन, न्याय तथा मानव अधिकार समितिमा सदस्य रहेकी बानुले जेनजीको प्रतिनिधित्व गर्छिन्। जेनजी आन्दोलनका घाइते, सहिद परिवारका लागि उनले निरन्तर आवाज उठाइरहेकी छन्। 'सांसदसँग' स्तम्भका लागि बानुसँग उनले संसदमा निर्वाह गर्दै आएको भूमिका र उनका एजेन्डाका विषयमा केन्द्रित रहेर कुराकानी गरिएको छ। प्रस्तुत छ, सांसद बानुसँग गरिएको कुराकानीको सम्पादित अंश : संसदमा पुगेपछि कस्तो महसुस गर्नुभयो ? बाँकी...

स्रोत : **https://www.ratopati.com/story/576684/i-will-bring-justice-to-the-warriors-of-the-genji-movement-afsana-banu**

## देशभर २४सै घण्टा कल सेन्टर सञ्चालन

प्राकृतिक विपद्का बेला नागरिकले सहायता माग्न, सूचना दिन वा गुनासो गर्न अब एउटै नम्बर १२३४ सम्झिए पुग्ने भएको छ । सरकारले पुरानो विपद् टोल-फ्री नम्बर ११४९ लाई विस्थापन गर्दै शुक्रवारदेखि १२३४ सञ्चालनमा ल्याएको छ । नयाँ प्रणालीअनुसार अब फोन गर्ने व्यक्ति जुन जिल्लामा हुन्छ, सोही जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा कल स्वतः पुग्ने व्यवस्था गरिएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/12/777040/**

## नेपालको उच्च शिक्षा सुधारको रणनीतिक खाका

विश्वविद्यालय राजनीतिक प्रतिस्पर्धाको थलो होइन; यो ज्ञान, अनुसन्धान, नवप्रवर्तन र शैक्षिक उत्कृष्टताको केन्द्र हो । कुनै पनि राष्ट्रको समृद्धि, सामाजिक रूपान्तरण र दिगो विकासमा शिक्षा प्रणालीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । विशेषतः उच्च शिक्षाले ज्ञान सिर्जना, वैज्ञानिक चेतनाको विकास, अनुसन्धान तथा नवप्रवर्तनको प्रवर्धन साथै दक्ष, सिर्जनशील र नैतिक मानव संसाधन उत्पादन मार्फत राष्ट्र निर्माणमा आधारभूत योगदान पुर्‍याउँछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970538/strategic-blueprint-for-nepals-higher-education-reform**

## आदर्शका अग्निशिखा : बीपी, सुवर्ण, गणेशमान, कृष्णप्रसाद र गिरिजाबाबुबाट नयाँ पुस्ताले के सिक्ने ?

इतिहासलाई केवल सम्झनाको विषय बनाइयो भने त्यो विस्तारै सङ्ग्रहालयमा सीमित हुन्छ। तर इतिहासका आदर्शहरूलाई वर्तमानको व्यवहारमा उतार्न सकियो भने त्यसले भविष्य निर्माण गर्छ । नेपाली कांग्रेसको सबैभन्दा ठूलो सम्पत्ति यसको कार्यालय, झण्डा वा चुनावी चिह्न मात्र होइन; यसको सबैभन्दा अमूल्य सम्पत्ति ती व्यक्तित्वहरू हुन्, जसले आफ्नो व्यक्तिगत सुख, सुविधा, सम्पत्ति, पद र कहिलेकाहीँ जीवनसमेत राष्ट्रको हितमा अर्पण गरे । बाँकी... स्रोत : **https://www.ratopati.com/story/576545/the-fire-of-ideals-what-can-the-new-generation-learn-from-bp-subarna-ganeshman-krishna-prasad-and-girija-babu**

## बालेन-प्रेम राई टक्करको 'साइड इफेक्ट', अख्तियारमा फेरियो प्रहरीको सेट

पासपोर्ट छपाइ ठेक्का प्रकरणमा मुद्दा चलाउने विषयमा प्रधानमन्त्री वालेन्द्र शाहले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्तहरूलाई आफ्नो कार्यालयमा बोलाएर झपारे। प्रधानमन्त्रीले थर्काएको एक सातामै अख्तियारले राहदानी छपाइको विषयमा भ्रष्टाचार भएको आरोपमा विशेष अदालतमा मुद्दा दायर गर्‍यो । बाँकी... स्रोत : **https://nepalkhabar.com/politics/279798-2026-7-5-21-48-59**

## दलित-गैरदलित अन्तरजातीय २५ जोडीलाई नगदसहित सम्मान

म्याग्दीको मालिका गाउँपालिकाले दलित र गैरदलितबिच अन्तरजातीय विवाह गरेका २५ जोडीलाई नगदसहित सम्मान गरेको छ । लक्षित समुदाय कार्यक्रमअन्तर्गत विनियोजित बजेटबाट आइतबार आयोजित कार्यक्रममा अन्तरजातीय विवाह गरेका २५ जोडीलाई प्रतिजोडी रु तीन हजार ५०० नगदसहित सम्मान गरिएको गाउँपालिकाले जनाएको छ । बाँकी...

स्रोत : **https://nepalkhabar.com/society/gandaki/279817-2026-7-6-9-45-42**

## अध्यादेश जोगाउन समयको दबाब

अध्यादेशको निरन्तरता कायम राख्न राष्ट्रपतिबाट प्रमाणीकरण हुनुपर्ने अन्तिम दिन राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्यादेश प्रतिस्थापन गर्ने चार वटा विधेयकमाथि छलफल गर्दै छ । समयका दबाबबिच विधायन व्यवस्थापन समितिले एकै दिन चार वटा विधेयकमाथि छलफल टुङ्ग्याएर प्रतिवेदन तयार गरेर सभामा प्रस्तुत गर्नुपर्ने छ । सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/213519**

## आईटी विज्ञ राजीव सुब्बालाई किन निर्वाचन आयुक्त बनाउन चाहन्छन् बालेन

विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उद्देश्यले सरकारले निर्वाचन आयोगमा सूचना प्रविधि विज्ञलाई आयुक्तको रूपमा नियुक्ति गर्ने गरी प्रक्रिया अघि बढाएको छ । शुक्रबार बसेको संवैधानिक परिषद्को बैठकले निर्वाचन आयोगको प्रमुख आयुक्त र दुई आयुक्त नियुक्तिको सिफारिस गरेको थियो, जसमा मोरङका मनबहादुर कार्कीलाई प्रमुख आयुक्त तथा काठमाडौंका राजीव सुब्बा र ओखलढुंगाका गुरु वाग्लेलाई आयुक्तमा सिफारिस गरेको छ । बाँकी...

स्रोत : **https://nepalkhabar.com/economy/279776-2026-7-5-17-32-47**

## विचारधारा : यो के हो, किन आवश्यक छ ?

यस लेखको अधिकांश भाग सन् १९७० को दशकको सुरुतिर सोचिएको र लेखिएको थियो। यो सन् १९७४ मा प्रकाशित एउटा पुस्तकबाट साभार गरिएको हो । लेनिनको प्रसिद्ध शीर्षकमाथिको शब्दखेलका रूपमा यस पुस्तकको नाम ‘ह्वाट इज टु बि अनडन’ राखिएको थियो र अहिले पनि त्यही छ । यो लेख अलिकति प्राज्ञिक लाग्न सक्छ, सायद कुनै दर्शनशास्त्रको कक्षामा पढाइने विषयजस्तो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/575175/ideology-what-is-it-why-is-it-necessary]**

## अर्थतन्त्रप्रति प्रधानमन्त्रीको चासो, थाले निजी क्षेत्रसँग संवाद

मन्त्रीलाई उद्योगी-व्यवसायी नभेट्न निर्देशन दिएका प्रधानमन्त्री बालेन्द्र शाहले निजी क्षेत्रका प्रतिनिधिसँग औपचारिक छलफल सुरु गरेका छन् । अर्थतन्त्रप्रति चासो राख्दै प्रधानमन्त्रीले शाहले उद्योगी-व्यवसायीलाई खुलेर आफ्ना कुरा राख्न लगाएका हुन् । २३ र २४ भदौको जेनजी आन्दोलनमा निजी क्षेत्रमाथि पनि आक्रमण भयो । निजी लगानीका व्यापार-व्यवसायमा पनि तोडफोड आगजनी भयो । त्यसपछि निजी क्षेत्र त्रसित थियो । फागुन २०८२ को निर्वाचनमा बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकार गठन गऱ्यो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971731/prime-ministers-interest-in-economy-dialogue-with-private-sector-begins**

## शिक्षा, परम्परा र अटिजमको कथा एकसाथ

ह्यारीकी प्यारीपछि डा. कपिल रिजालद्वारा निर्देशित दोस्रो फिल्म गौंथलीको ट्रेलर सार्वजनिक गरिएको छ । आगामी साउन १ गतेबाट रिलिजमा आउने फिल्मको ३ मिनेट २० सेकेन्ड लामो ट्रेलरले ग्रामीण परिवेशमा एउटी युवतीको शिक्षा प्राप्तिको संघर्ष, वैवाहिक जीवनका चुनौती र अटिजम भएका श्रीमान्संगको सम्बन्धलाई भावनात्मक रूपमा प्रस्तुत गरेको छ । ट्रेलरमा विवाह गर्न नचाहेकी एक युवतीले परिवारको आग्रह र सामाजिक प्रतिष्ठाका कारण सम्झौता गर्नुपरेको परिस्थितिबाट सुरु हुने कथालाई खुलाएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/08/776572/**

## अवसानको सँघारमा संक्रमणकालीन न्याय

सम्भवतः अब प्रतीक्षाको समय पनि सकिएको छ । संक्रमणकालीन न्याय प्रक्रिया असफल भइसकेको भनेर भन्न अब हिच्किचाउनु पर्दैन होला ! नयाँ सरकारको निर्माण गर्ने, कतिपय पुराना कानूनहरू खारेज गरी नयाँ कानून निर्माण गर्ने, सरकार र व्यक्तिको शक्ति र अधिकारलाई नयाँ सन्तुलनको सापेक्षतामा पुनः परिभाषित गर्ने, निर्वाचनको माध्यमद्वारा ताजा जनादेश प्राप्त गरी शासनसत्ता सुसञ्चालन गर्ने कुराहरू रूपान्तरण प्रक्रियामा आइपर्ने स्वाभाविक विषयहरू हुन् । यी प्रक्रियाहरूमा नयाँ सरकारले आफ्नो अस्तित्व स्थापित र दिगो तुल्याउनका लागि शासकीय संस्कृति र शैलीमा सुधारात्मक परिवर्तन ल्याउन अत्यावश्यक ठानिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970629/transitional-justice-on-the-brink-of-extinction**

## 'कुलपति'ले जुनसुकैबेला हटाउन सक्छन 'उपकुलपति'

विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री बालेन्द्र शाहले कार्यकाल नतोकी सात विश्वविद्यालयमा उपकुलपति नियुक्त गर्नुभएको छ । शुक्रवार गरिएको नियुक्तिमा उपकुलपतिहरूको कार्यकाल उल्लेख नगरिएकाले कुलपतिले आवश्यक ठाने जुनसुकै बेला पदमुक्त गर्न सक्ने अवस्था सिर्जना भएको छ । वैशाख १९ गते अध्यादेशमार्फत सबै विश्वविद्यालयका पदाधिकारी पदमुक्त भएपछि सरकारले करिब एक महिनापछि आठ विश्वविद्यालयका उपकुलपति पदका लागि आवेदन आह्वान गरेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/09/776664/**

## प्रधानमन्त्रीसँग निजी क्षेत्रका प्रतिनिधिको भेटवार्ता, निजी क्षेत्रलाई 'ड्राइभिङ सिट'मा राख्ने प्रतिबद्धता

प्रधामन्त्री वालेन्द्र शाहले निजी क्षेत्रको साथमा अर्थतन्त्रमा सुधार गर्न चाहेको बताइएका छन् । उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र चेम्बर अफ कमर्शका प्रतिनिधिहरुसँग बुधबार भएको भेटमा प्रधानमन्त्री शाहले निजी क्षेत्रको साथमा आर्थिक सुधारको प्रतिबद्धता व्यक्त गरेका हुन् । निजी क्षेत्र र प्रधानमन्त्रीबीचको भेटवार्ता भर्खर सकिएको छ । करिब डेढघण्टा चलेको उक्त भेटमा निजी क्षेत्रका समस्या, अर्थतन्त्रको वर्तमान अवस्था, समाधानको उपायलगायत विषयमा खुलेर छलफल भएको महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/08/178350096222989415.html**

## ३९ दिनसम्म संसद्मा जवाफ दिन गएनन् बालेन, सभामुखले गरेनन् रुलिङ

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को सीमा विवादबारेको अभिव्यक्तिमाथि प्रश्न उठेको ३९ दिन पुग्यो । तर, अझैसम्म पनि आफ्नो अभिव्यक्तिउपर उठेको प्रश्नको जवाफ संसद्मै दिन तयार भएका छैनन् । गत १७ जेठमा प्रधानमन्त्री बालेनले प्रतिनिधिसभामा सांसदहरूका प्रश्नको जवाफ दिएका थिए । त्यसक्रममा उनले भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।,' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971380/balen-did-not-go-to-parliament-to-answer-for-39-days-the-speaker-did-not-rule**

## अघिल्लो सरकारले स्थगित गरेको फुल अडिट स्वर्णिमले किन ब्युँत्याए ?

अर्थतन्त्रमा शिथिलता छाएको र लगानीको वातावरण खस्किरहेको समयमा कर प्रशासन र व्यवसायीबिच पुरानै विवाद फेरि सतहमा आएको छ । विवादको केन्द्र बनेको छ- फुल अडिट अर्थात् पूर्ण कर परीक्षण । जेनजी आन्दोलनपछि बनेको चुनावी सरकारका अर्थमन्त्री रामेश्वर खनालले व्यवसायीहरूको गुनासो र कर प्रशासनमा देखिएको विकृति हटाउन भन्दै पूर्ण कर परीक्षण रोकेको थियो । यसलाई जोखिममा आधारित कर परीक्षणको विधि अपनाउने उनको निर्णय थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/575163/why-did-swarnim-revive-the-full-audit-that-was-postponed-by-the-previous-government**

## नर्सिङ शिक्षामा नीतिगत अन्योल

स्वास्थ्य सेवा कुनै पनि राष्ट्रको समृद्धि, उत्पादकत्व र मानव विकासको आधार हो । गुणस्तरीय स्वास्थ्य सेवाबिना समुन्नत समाजको कल्पना गर्न सकिँदैन । यही स्वास्थ्य सेवाको मेरुदण्ड भनेका नर्स हुन् । अस्पतालदेखि गाउँका स्वास्थ्य चौकीसम्म, प्रसूति सेवादेखि सघन उपचार कक्षसम्म, खोप अभियानदेखि विपद् व्यवस्थापनसम्म नर्सहरूको भूमिका अपरिहार्य रहन्छ । त्यसैले नर्सिङ शिक्षा केवल एउटा शैक्षिक कार्यक्रम होइन, यो राष्ट्रिय स्वास्थ्य सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो । बाँकी...

स्रोत : **https://madhyanhadaily.com/post/42616**

## 'स्थानीय तहका अधिकारमा हस्तक्षेप'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वमा सरकार गठन भएको एक सय दिन पूरा भएको छ । यो अवधिमा सुशासन कायम गर्ने काममा सरकारले केही गति लिएको देखिएको छ । सरकारले सुरुमै सय दिनभित्र गर्ने कामको सूची सार्वजनिक गरेको थियो । त्यहीअनुसार काम भइरहेको सरकारको दाबी छ । यस अवधिमा प्रधानमन्त्री बालेन्द्र शाहले आफू नोतृत्वको सरकारको 'ब्रेक' गन्तव्यमा पुगेपछि मात्र रोकिने समेत बताएका छन् । सरकारले प्रशासनिक सुधार, सुशासन, राजनीतिक नियुक्ति, डिजिटल सेवा, शैक्षिक सुधारलगायत क्षेत्रमा केन्द्रित भएर काम गरिरहेको जनाएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/interference-in-local-authority-rights-87-14.html**

## त्रिवि सुधारको अपेक्षा, अग्निपरीक्षामा नयाँ नेतृत्व

कुनै देश वा समाजको अवस्था चियाउने आँखीझ्याल के-के हुन सक्लान् ? धेरैका धेरै थरी राय होलान् तर निःसन्देह त्यो देशको शिक्षाको अवस्था छुट्दैन होला । उन्नतिको मूल तत्त्व ज्ञान हो भन्ने कुरा मान्ने हो भने ज्ञान निर्माण गर्ने थलोहरूको अवस्थाले देश वा समाजको अवस्थाको मोटामोटी झल्को दिइरहेकै हुन्छ । नेपालको परिप्रेक्ष्यमा यो सूचकलाई आधार मानेर हेर्दा कस्तो दृश्य देखिएला, यो बहसको विषय हो नै । अहिलेलाई चाहिं सरकारले सात वटा विश्वविद्यालयमा एकैपटक उपकुलपति नियुक्ति गरेको सन्दर्भमा नेपालको उच्च शिक्षाको मियो मानिने त्रिभुवन विश्वविद्यालय, यसको नयाँ नेतृत्व र अबको यात्राबारे चर्चा गरौं । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1969799/expectations-for-tu-reform-new-leadership-in-trial-by-fire**

## शिवनाथ बन्यो पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका

बैतडीको शिवनाथ गाउँपालिका पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गरिएको छ । पालिका पूर्ण संस्थागत सुत्केरीयुक्त हुन पालिकाभरीका ९० प्रतिशत गर्भवतीले नियमित गर्भजाँच गरेको, कम्तीमा ९५ प्रतिशतले स्वास्थ्य संस्थामै सुत्केरी गराएको हुनुपर्ने, घरमा हुने प्रसूति शून्य भएको हुनुपर्ने जस्ता मापदण्ड पुगाउनु पर्ने हुन्छ । यी सबै मापदण्ड पूरा गरेकाले आइतबार पालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त घोषणा गरिएको हो । बाँकी...

स्रोत : **https://ekantipur.com/sudurpaschim-pradesh/2026/07/06/shivnath-becomes-a-fully-institutionalized-maternity-ward-11-34.html**

## प्रधानमन्त्रीज्यू, धुरी चढेर सिँढी नबिर्सनुस्

सय दिनमा प्रधानमन्त्रीजीको कार्यशैली हेरेपछि म प्रधानमन्त्रीजीलाई स्मरण गराउँछु कि धुरीमा चढेपछि सिँढी भुल्नु हुँदैन । तपाईं सत्ताको धुरी चढ्ने अनि तपाईंलाई धुरीमा पुऱ्याउने संसद् बिर्सिने ? संसद्लाई अवमूल्यन गर्ने ? सम्माननीय सभामुख महोदय, सरकारले आफ्नो कार्यकालको पहिलो १०० दिन पूरा गरेको छ । कसैले पनि सय दिनमै चमत्कार गर्छ भन्ने अपेक्षा गरेको हुँदैन । तर सय दिनले सरकारको सोच, प्राथमिकता, कार्यशैली, लोकतन्त्रप्रतिको दृष्टिकोण र देशलाई कुन दिशामा लैजान खोजिरहेको छ भन्ने चित्र भने देखाउँछ । बाँकी... स्रोत : **https://ekantipur.com/bibidha/2026/07/06/dont-forget-the-ladder-after-climbing-the-ladder-prime-minister-10-18.html**

## पूर्णबहादुर ब्रिफिङ : वरिष्ठ नेता बनाउने विश्वको प्रस्ताव अस्वीकार गरेँ

नेपाली कांग्रेसको इतर समूहका नेताहरूको बैठकमा नेता पूर्णबहादुर खड्काले पार्टीभित्रको पछिल्लो संवाद, सातबुँदे प्रस्ताव र केन्द्रीय कार्यसमितिमा समायोजनका विषयमा विस्तृत जानकारी गराएका छन् । बैठकमा खड्काले आफूहरू अहिले डा. शेखर कोइरालासहित १११ जना रहेको र ती सबैलाई केन्द्रीय कार्यसमितिमा समायोजन गर्न प्रस्ताव गरिएको बताएका छन् । सातबुँदे प्रस्तावको लिखित जवाफ आफूले उपसभापति विश्वप्रकाश शर्मालाई बुझाइसकेको पनि बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970131/purna-bahadur-briefing-i-rejected-the-worlds-offer-to-make-me-a-senior-leader**

## महाप्रबन्धक रावलद्वारा पदबहाली, संस्थान सुधार्ने प्रतिबद्धता

गोरखापत्र संस्थानका महाप्रबन्धक हिक्मतबहादुर रावलले पदबहाली गर्नुभएको छ । असार १८ गतेको मन्त्रीपरिषद बैठकबाट संस्थान महाप्रबन्धकमा नियुक्त हुनुभएको उहाँ संस्थान कार्यालयमा सोमबार पदबहाली गर्नुभएको हो । सो अवसरमा महाप्रबन्धक रावलले गोरखापत्र नेपाली पत्रकारिताको गौरव र इतिहास भएकाले यसको विश्वसनीयतालाई थप गर्विलो पार्नेगरी आफूले काम गर्ने प्रतिबद्धता जनाउनुभयो । "गोरखापत्र संस्थानलाई सुदृढ बनाउनेगरी स्पष्ट योजना र म्यान्डेटसाथ आएको छु, ऐन नियमको परिधिभित्र रहेर यसलाई थप आत्मनिर्भर बनाउनेगरी काम गर्नेछु" उहाँले भन्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213162**

## राष्ट्रिय सभामा श्रममन्त्रीको जवाफ- १०० दिनमै वैदेशिक रोजगारीका १००४ मुद्दा र उजुरी फर्स्यौट गर्‍यौं

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आन्तरिक श्रम बजारमा कार्यरत श्रमिकको न्युनतम तलब र सेवा सुविधालाई सुनिश्चित गर्न श्रम निरीक्षणलाई प्राथमिकता दिएको बताएका छन् । राष्ट्रिय सभामा सदस्यहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै उनले श्रम अधिकारलाई कार्यस्थलमै लागू गर्न सरकारले 'कारबाही र प्रोत्साहन' को नीति अपनाएको बताए । 'पछिल्लो १०० दिनमा मात्रै १ हजार ३२१ प्रतिष्ठानको श्रम निरीक्षण गरिएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/07/06/labor-ministers-response-in-the-national-assembly-we-resolved-1004-foreign-employment-cases-and-complaints-in-100-days-17-04.html**

## प्रधानमन्त्री बालेन र एडीबी अध्यक्ष कान्दाबीच भेटवार्ता

प्रधानमन्त्री बालेन शाहसँग एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्दाले भेटवार्ता गरेका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भएको भेटमा नेपालको हित र एडीबीले गर्दै आएको सहयोग लगायतका विषयमा कुराकानी भएको थियो । जेनजी आन्दोलनपछि बालेन शाह नयाँ प्रधानमन्त्री भएलगत्तै कान्दाले नेपालको विकासका प्राथमिकताहरूमा एडीबीले निरन्तर सहयोग गर्ने धारणा एक्समार्फत् सार्वजनिक गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970599/prime-minister-balen-meets-with-adb-president-kanda**

## अन्तर्राष्ट्रिय शिक्षा : नयाँ नेपालको 'सफ्टवेयर'

अन्तर्राष्ट्रिय शिक्षा पलायनको कथा मात्र होइन, सही ढंगले व्यवस्थापन गरिए यो पुनरागमन, पुनर्निर्माण र पुनर्जागरणको कथा पनि बन्न सक्छ । सार्वजनिक रूपमा उपलब्ध विवरणहरूलाई आधार मान्दा हालको मन्त्रिपरिषद्मा प्रधानमन्त्रीसहित झन्डै आधा सदस्यहरूले कुनै न कुनै तहमा विदेशको शिक्षा वा उच्च अध्ययनको अनुभव लिएको देखिन्छ । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/07/international-education-the-software-of-new-nepal-26-01.html**

## अर्थमन्त्री वाग्ले र एडिबीका अध्यक्ष मासातो कान्डाबीच भेटवार्ता

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र एसियाली विकास बैंक (एडिबी) का अध्यक्ष मासातो कान्डाबिच भेटवार्ता भएको छ । सोमबार सिंहदरबारस्थित अर्थ मन्त्रालयमा सो भेटवार्ता भएको हो । भेटमा अर्थमन्त्री डा. वाग्लेले नेपालको विकासका लागि एडिबीका तर्फबाट भएको सहयोग र लगानी परिचालनका लागि अध्यक्ष कान्डालाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गरे । बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/199201/2026-07-06**

## एडीबी अध्यक्ष आउँदा सरकारले गऱ्यो २५ अर्बको ऋण सम्झौता

एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्दाको नेपाल भ्रमणको अवसरमा २५ अर्बको ऋण सम्झौता भएको छ । एडीबीसँग नेपालले १६ करोड ५० लाख अमेरिकी डलर (२५ अर्ब रुपैयाँ बराबर) सहुलीयतपूर्ण ऋण लिने सम्झौता भएको हो । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कान्दाको उपस्थितिमा दुई आयोजनामा लगानी गर्न सो रकम बराबरको सहुलीयतपूर्ण ऋण लिनेबारे सोमबार सम्झौता भएको हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970312/the-government-signed-a-loan-agreement-worth-25-billion-when-the-adb-president-arrived**

## १ वर्षमा १५१ कानुन बनाउन प्रस्ताव

आर्थिक वर्ष २०८३/०८४ मा १५१ कानुन निर्माण गर्न मन्त्रालयहरूले सुझाव दिएका छन्। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मागेअनुसार सबै मन्त्रालयले एक वर्षभित्र निर्माण गर्नुपर्ने कानुनको नाम बुझाएका हुन्। यसलाई प्राथमिकताक्रम निर्धारण गरेर असारभित्रै संघीय संसद्मा पेस गर्ने कानुन मन्त्रालयको तयारी छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/07/proposal-to-make-151-laws-in-1-year-58-29.html**

## नेपाली लोक जीवनमा 'झ्याउरे'

नेपाली जनजीवनमा 'झ्याउरे' बहुप्रचलित तथा बहुश्रुत शब्द हो । 'झ्याउरे' को शाब्दिक अर्थ हो- कुनै उत्साह नभएको, दाह्री जुँगा नकाटी त्यसै छाडेको निरस अनुहार भएको उत्साहविहीन व्यक्ति । नेपाली बृहत् शब्दकोश (दसौँ संस्करण, २०७५) ले लोत्रिएको, झ्याउरो, निन्याउरो, लुतेलाम्रे भनी 'झ्याउरे' शब्दको अर्थ लगाएको छ । (पृ. ४९४) । रामचन्द्र ढुङ्गानाकृत सङ्क्षिप्त नेपाली कोश (२०५२) ले पनि झ्याउरेलाई 'झ्याउरिएको लुतेलाम्रे' भनी चिनाएको छ (पृ.२३८) । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/213154**

## डेटा सेन्टर काठमाडौंमा मात्र सीमित हुनुहुन्न

वर्तमान सरकारले आफ्नो प्रतिबद्धता, नीति तथा कार्यक्रम र बजेट भाषणमार्फत सूचना प्रविधि र डिजिटाइजेसनलाई प्राथमिकता दिँदै डेटा सेन्टर विस्तार र डिजिटल हब निर्माणको लक्ष्य राखेको छ । यसमा निजी क्षेत्र पनि उत्साहित देखिएको छ । यसै सन्दर्भमा नेपालको अग्रणी इन्टरनेट सेवा प्रदायक वर्ल्डलिंक कम्युनिकेसन्सका प्रमुख कार्यकारी अधिकृत केशव नेपालसँग दूरसञ्चार सेवा विस्तार, सामाजिक सञ्जाल नियमनका प्राविधिक जटिलता, ग्राहकको बदलिँदो व्यवहारलगायत विषयमा गरिएको कुराकानीको सम्पादित अंश : बाँकी...

स्रोत : **https://ekantipur.com/Interview/2026/07/06/178332753632961881.html**

## २०८६ पछि एनसेल सरकारको स्वामित्वमा आउँछ, कानुन बाइपास गर्ने अधिकार कसैलाई छैन : सञ्चारमन्त्री तिमिल्सिना

राष्ट्रिय स्वतन्त्र पार्टीबाट नुवाकोट-१ मा निर्वाचित विक्रम तिमिल्सिना अहिले सूचना तथा सञ्चारमन्त्रीको जिम्मेवारीमा छन् । सरकारको १०० बुँदे कार्ययोजनामा डिजिटल रुपान्तरण, विद्युतीय सुशासन, सूचना प्रविधिसम्बन्धी योजना उल्लेख्य समावेश थिए । तिनमा भएको प्रगतिसँगै विशेषतः तेस्रो दूरसञ्चार सेवा प्रदायक भित्र्याउने बहस, एनसेलको स्वामित्व हस्तान्तरण, स्मार्ट सेलको दायित्व व्यवस्थापन, सामाजिक सञ्जाल नियमन एवं स्टारलिंकलाई सेवा अनुमती दिने/नदिने विषयमा सञ्चारमन्त्री तिमिल्सिनाले स्पष्ट पारेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/Interview/2026/07/04/ncell-will-come-under-government-ownership-after-2086-no-one-has-the-right-to-bypass-the-law-communications-minister-timilsin-01-11.html**

## निलो बसको औचित्य

'साउन १ गतेदेखि साझा बसका आठ वटा बसलाई निलो रङ पोतेर महिलाहरूका लागि मात्रै निःशुल्क सञ्चालनमा ल्याइने' यो समाचार पढेपछि अरूलाई कस्तो लाग्यो कुन्नि मैले चाहिं दशकौं पहिले कलाकार हरिवंश आचार्यले गाएको गीत सम्झिएँ- 'साझा बसमा जो पनि चढ्दछ .... हामी पनि हुइकिउँ बैनी साझा बसैमा !' यो गीतमा दाजुबहिनी सँगै साझा बस चढेर राजधानी; अझ चक्रपथ घुमिरहेका हुन्छन् । र, अबदेखि यो गीतमा जस्तै दाजुबहिनी सँगै एउटै साझा बस चढेर राजधानी घुम्न पाउने छैनन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970527/justification-of-the-blue-bus**

## चिकित्सा शिक्षा आयोगमा तत्काल नियुक्तिको माग, नभए डा. गोविन्द केसीको सत्याग्रह बस्ने चेतावनी

चिकित्सा सुधारका अभियान्ता प्रा.डा. गोविन्द केसीले चिकित्सा शिक्षा आयोगका रिक्त पदाधिकारीमा योग्य, अनुभवी र स्वार्थ नबाझिने व्यक्तिलाई तत्काल नियुक्त गर्न सरकारसँग माग गरेका छन् । तोकिएको समयभित्र नियुक्ति नभए असार २५ गतेदेखि विगतका मागहरूसहित सत्याग्रह सुरु गर्ने चेतावनी दिएका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1970338/demand-for-immediate-appointment-to-medical-education-commission-otherwise-dr-govinda-kc-warns-of-satyagraha**

## नक्कली भुटानी शरणार्थी प्रकरण : पूर्वउपप्रधानमन्त्री रायमाझी र पूर्वगृहमन्त्री खाणसहित १६ दोषी ठहर, ८ जना फरार सूचीमा

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजान रचिएको अपराध अभियोगमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण र पूर्वगृह सचिव टेकनारायण पाण्डेसहित १६ जना दोषी ठहर भएका छन्। मुद्दा दायर भएको तीन वर्षपछि जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको इजलासले मंगलबार उनीहरूलाई दोषी ठहर गरेको हो। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/08/178347121973213865.html**

## नक्कली शरणार्थी मुद्दामा जिल्ला अदालतले गरेको फैसला के हो ? पढ्नुहोस् १३ बुँदे ब्रिफिङ

जिल्ला अदालत काठमाडौंले नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने धन्दा गरेको आरोपमा दुई पूर्वमन्त्रीसहित १५ जनालाई दोषी ठहर गरेको छ। सात जना आरोपितहरूले सफाइ पाएका छन् । आरोप लागेकाहरूमध्ये उच्चपदस्थ राजनीतिक र प्रशासनिक व्यक्तिहरू दोषी ठहर भएका छन् । उनीहरूलाई २९ असारमा कैद, बिगो र जरिबाना निर्धारण हुनेछ । बाँकी...

स्रोत : [https://www.onlinekhabar.com/2026/07/1971261/what-is-the-district-courts-decision-in-the-fake-refugee-case-read-the-13-point-briefing](https://www.onlinekhabar.com/2026/07/1971261/what-is-the-district-courts-decision-in-the-fake-refugee-case-read-the-13-point-briefing)

## कार्यान्वयन हुँदैन राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस कार्यान्वयन हुन नसकेको बताएको छ । बुधबार प्रतिनिधि सभाअन्तर्गतको कानून न्याय तथा मानवअधिकार समितिको बैठकमा आयोगले यस्तो गुनासो गरेको हो । 'हाम्रो सिफारिस कार्यान्वयन भैराखेको छैन', आयोगका अध्यक्ष तपबहादुर मगरले भने, 'कुल सिफारिसको १३ प्रतिशत कार्यान्वयन भएको छ । ५२ प्रतिशत कार्यान्वयन छैन । बाँकी आंशिक कार्यान्वयनमा छ ।' बाँकी... स्रोत : [https://www.onlinekhabar.com/2026/07/1971294/national-human-rights-commission-recommendation-not-implemented](https://www.onlinekhabar.com/2026/07/1971294/national-human-rights-commission-recommendation-not-implemented)

## संविधान संशोधनमा प्रक्रियाको महत्व

संविधान लेखनमा आठ वर्ष लागेको होइन, सक्दो धेरै पक्षका माग र विचार समेटेर अपनत्व वृद्धि गर्ने प्रक्रियाले समय लिएको हो । संविधान निर्माण जस्तै संशोधन पनि हतारमा हुँदैन । कुनै दलले एउटा निर्वाचनमा पाएको मत र संसद्को बहुमत देखाएर संशोधनको प्रक्रिया र मूलभूत सिद्धान्तमा 'यस्तो हुनुपर्छ' भन्दै जोड गर्न पनि मिल्दैन । संविधान संशोधनको चर्चा चलेसँगै मेरो आँखामा १४ जेठ २०६९ को संविधानसभा भवन (वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र) अगाडिको दृश्य आउँछ । बाँकी...

स्रोत : [https://ekantipur.com/opinion/2026/07/08/the-importance-of-process-in-amending-the-constitution-15-21.html](https://ekantipur.com/opinion/2026/07/08/the-importance-of-process-in-amending-the-constitution-15-21.html)

## डोकोले धानेको जीवन : खुट्टा गुमे पनि गुमेन श्रम, सीप र आत्मविश्वास

। हात वा खुट्टा गुमेपछि धेरैले अरुको सहारामा बाच्नु परेको हुन्छ । कतिपयले हात र खुट्टा गुमेपछि धेरै गुनासो गर्ने तथा आत्मविश्वास पनि गुमाइसकेको पनि पाइन्छ । धनकुटाको महालक्ष्मी नगरपालिकाको वडा नं. ८ नेता चोकका ७५ वर्षीय दलबहादुर पौडेल र धनबहादुर श्रेष्ठको भने कथा फरक रहेको छ । पौडेलको एउटा र श्रेष्ठको दुवै खुट्टा गुमेका छन् । उनीहरु दुवै जना डोको बुनेर जिवनयापन गरिरहेका छन् । जीवनले उनीहरुबाट खुट्टा, सम्पत्ति र सहज जीवन खोसे पनि श्रम गर्ने इच्छा र आत्मसम्मानका साथ बाँच्ने अठोट भने खोस्न सकेको छैन । बाँकी...

स्रोत : [https://www.onlinekhabar.com/2026/07/1968640/a-life-supported-by-the-head-even-if-you-lose-your-legs-you-will-still-lose-your-labor-skills-and-confidence](https://www.onlinekhabar.com/2026/07/1968640/a-life-supported-by-the-head-even-if-you-lose-your-legs-you-will-still-lose-your-labor-skills-and-confidence)

## कार्यालय छोड्दा लगबुक भर्नुपर्ने, सरकारी नीतिप्रति अविश्वास हुने अभिव्यक्तिमा रोक

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता लागू गर्दै तोकिएका आचरण अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था गरेका छन् । सेवालाई थप मर्यादित, पारदर्शी, निष्पक्ष र उत्तरदायी बनाउने उद्देश्यसहित कर्मचारीका लागि विभिन्न आचरण अनिवार्य गरिएको हो । आचारसंहिताअनुसार मन्त्रालयका कर्मचारीले सेवाग्राहीलाई धर्म, जात, लिङ्ग, भाषा, क्षेत्र वा आस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी सेवा दिनुपर्नेछ। बाँकी… स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971882/civil-servants-code-of-conduct-employees-required-to-fill-logbook-when-leaving-office-restrictions-on-statements-creating-distrust-in-government-policies**

## किन र कसरी समेटिए युद्धमा नागरिक पठाउन सकिने बुँदा ?

सरकारले देश प्रेम, जनसेवा र राष्ट्रियताको भावना जगाउने उद्देश्य राखेर 'राष्ट्रिय सेवा दलसम्बन्धी विधेयक २०८३' संसद्मा ल्याएको छ । प्रधानमन्त्री बालेन शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले बिहीबार यो विधेयक प्रतिनिधिसभामा प्रस्तुत गरेकी छिन् । यो विधेयक ल्याउनुको कारण दिँदै मन्त्री गौतमले भनिन्, 'विद्यार्थीमा देश प्रेम, जनसेवा, राष्ट्रिय एकताको भावना जगाई नैतिक र अनुशासित बनाउन तथा राष्ट्रिय आवश्यकताको आधारमा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयं सेवकका रूपमा राष्ट्र सेवामा खटाउन सक्ने गरी कानुनी व्यवस्था गर्न विधेयक पेस गरिएको हो ।' बाँकी…

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1972397/**

## मन्त्रीले 'भाउ घटाऊ' भन्दैमा रातारात सस्तो होला नेपालीको भान्सा ?

नेपाल आयल निगमले १७ असारदेखि लागु हुने गरी इन्धन मूल्य कटौती गरेपछि सरकारले बजारमा दैनिक उपभोग्य वस्तुको भाउ तत्काल घटाउन भन्दै तारन्तार निर्देशन जारी गरिरहेको छ । २१ असारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सूचना निकालेर भाउ घटाउन आग्रह गर्‍यो भने २२ असारमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले निजी क्षेत्रलाई मन्त्रालयमै बोलाएर 'कुनै पनि बहानामा ढिलाइ नगरी तत्काल मूल्य घटाउन' निर्देशन दिइन् । बाँकी…

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971658/will-the-prices-in-nepali-kitchens-become-cheaper-overnight-just-because-a-minister-says-reduce-the-prices**

## प्रधानमन्त्री शाहद्वारा छ स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति नियुक्त, कुनमा को ?

प्रधानमन्त्री तथा सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति बालेन्द्र शाहले देशका छ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रिक्त रहेको उपकुलपति पदमा छ जना चिकित्सकलाई नियुक्त गरेका छन् । स्रोतका अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) को उपकुलपतिमा डा. विवेक आचार्य नियुक्त भएका छन् । त्यसैगरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान मा डा. नविसमानसिंह प्रधान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान मा डा । अजयकुमार मिश्र, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान मा डा । बाँकी…

स्रोत : **https://newsofnepal.com/2026/07/09/776772/**

## सम्पत्ति छानबिन आयोग गठनमै संवैधानिक प्रश्न, सर्वोच्चले खोज्यो ६ जवाफ

पूर्वन्यायाधीश र पूर्वसैनिकको सम्पत्ति तत्काल छानबिन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । शुक्रबार न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले प्रस्तुत रिटको अन्तिम टुंगो नलागेसम्म पूर्वसैनिक र पूर्वन्यायाधीशलाई सम्पत्ति विवरण बुझाउन बाध्य नपार्न र विवरण बुझाइसकेको भए पनि छानबिन अगाडि नबढाउन अन्तरिम आदेश दिएको हो । सरकारले सार्वजनिक पदधारण गरेका राजनीतिक व्यक्ति, कर्मचारीसँगै पूर्वन्यायाधीश र पूर्वसैनिकहरुको पनि सम्पत्ति छानबिन गर्न भन्दै आयोग गठन गरेको छ । बाँकी... स्रोत : **https://nepalkhabar.com/society/280331-2026-7-10-22-22-43**

## निर्माण व्यवसायीसँग प्रधानमन्त्रीको भेटनीतिगत सुधार र व्यावहारिक समस्या समाधान गर्ने प्रतिबद्धता

प्रधानमन्त्री वालेन्द्र शाहले बिहीबार निर्माण व्यवसायीलाई भेटेका छन्। समयमा आयोजना सपन्न गर्न व्यावहारिक समस्या र नीतिगत सुधार गर्ने प्रधानमन्त्री शाहको प्रतिबद्धता छ। बैठकमा निर्माण व्यवसायीले नीतिगत र व्यावहारिक समस्या राखेका थिए। व्यवसायीको कुरा सुनेपछि प्रधानमन्त्री शाहले समस्या समाधानका विकल्पबारे पनि सुझाव मागेका थिए। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/10/pm-meets-construction-entrepreneurs-commitment-to-policy-reforms-and-practical-problem-solving-55-29.html**

## अध्यादेशमै नभएको व्यवस्था राखेर पास भयो सहकारी विधेयक

संघीय संसद्को प्रतिनिधिसभाले सहकारी अध्यादेश प्रतिस्थापन विधेयक बुधबार स्वीकृत गरेको छ । संसद्ले अध्यादेशमा नभएका व्यवस्थाहरू थप गरेर विधेयक स्वीकृत गरेको हो । संसद्ले स्वीकृत गरेको विधेयकमा सहकारी ऋणीबाट हर्जना पनि लिने व्यवस्था गरेको छ । हर्जना सम्बन्धी व्यवस्था अध्यादेशमा थिएन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1972448/cooperative-bill-passed-with-provisions-not-included-in-the-ordinance**

## 'मन्त्रालयका काममा प्रधानमन्त्रीको कुनै हस्तक्षेप छैन'

मैले जिम्मेवारी सम्हाल्दा दुई वटा मन्त्रालय थिए । ती मन्त्रालयमा रहेका र १०० बुँदे कार्ययोजनामा समेटिएका अधिकांश काम भइसकेका छन् । केही केही काम अरू मन्त्रालयसँगको समन्वयमा पनि सम्पन्न गर्नु पर्नेछ । हामीले बुँदागत रूपमा नै यो-यो काम गर्‍यौं भनेर विवरण सार्वजनिक गर्नेछौं । सरकार बनेको १०० दिन पुग्दै गर्दा यहाँलाई आफ्नै मन्त्रालयमा 'मैले सोचे जस्तै गरी सफलतापूर्वक सम्पन्न गरें' भन्ने लागेका मुख्य-मुख्य कामहरू के-के हुन् ? बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1968477/the-prime-minister-has-no-interference-in-the-work-of-the-ministry**

## राष्ट्रपति पौडेलद्वारा चार विधेयक प्रमाणीकरण

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्बाट पारित भई प्रमाणीकरणका लागि पेस भएका चार वटा विधेयक प्रमाणीकरण गरेका छन् । राष्ट्रपति कार्यालयले बिहीबार अबेर जारी गरेको विज्ञप्तिमा राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम ती विधेयक प्रमाणीकरण गरेको उल्लेख छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/576218/president-poudel-authenticates-four-bills-with-list**

## धरौटीबापत १ अर्ब ९० करोड उठ्ने, हरेक वर्ष ५० हजार तिर्नैपर्ने

शैक्षिक परामर्श संस्थाको धरौटीबापत १ अर्ब ९० करोड संकलन हुने भएको छ । देशभर सञ्चालित ७६० शैक्षिक परामर्श दिने संस्थाले २५ लाख रुपैयाँको दरले धरौटी राख्नुपर्ने हुन्छ । यसमा शाखा विस्तारको रकम उल्लेख छैन । भाषाशिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन शैक्षिक परामर्श, भाषाशिक्षण तथा तयारी कक्षा सञ्चालन र व्यवस्थापन नियमावली २०८३ स्वीकृत गरेलगत्तै अनिवार्य धरौटी बुझाउनु पर्ने भएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/10/776814/**

## विद्यार्थीलाई लामो समयसम्म उभ्याएर दण्ड दिन रोक

विद्यालयले अबदेखि सजायको नाममा विद्यार्थीलाई लामो समय उभ्याएर दण्ड दिन पाइनेछैन । शुक्रवार मन्त्री परिषद्बाट पारित शिक्षा नियमावलीको १०औँ संशोधनमा सो व्यवस्था उल्लेख गरिएको छ । विशेष गरी निजी विद्यालयका शिक्षकले गृहकार्य नगरे वा भनेको नमाने घाम वा चिसोमा उभ्याएर विद्यार्थीलाई सजाय दिने गरेका थिए । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/12/777042/**